# प्रभाव दैनिक

National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ११० | काठमाडौं | सोमबार, २६ साउन २०८२ | Prabhab National Daily | Monday, 11 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


बागमतीमा कांग्रेसको किचलो

## बानियाँलाई विश्वासको मतमा अप्ठेरो पार्दै बहादुर

- नवनियुक्त मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले मंगलबार प्रदेशसभामा विश्वासको मत लिने
- ११० सदस्यीय बागमती प्रदेशमा बानियाँलाई सरकार जोगाउन ५६ मतको खाँचो
- एमालेको २७ र कांग्रेसको ३७ मत जोड्दा ६४ मत पुग्ने, तर बहादुरसिंह लामापक्षका १४ सांसदले 'फ्लोर क्रस' गरे ४९ मतमात्र पाउने
- आफ्नै दलबाट अप्ठेरोमा परेका बानियाँको मुख्यमन्त्री पद संकटमा





■ प्रभाव संवाददाता

**काठमाडौं–** बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भोलि (मंगलबार) प्रदेशसभामा विश्वासको मत लिँदै छन् । विश्वासको मत लिँदै गर्दा बानियाँ आफ्नै दल कांग्रेसबाट अप्ठेरोमा पर्ने भएका छन् ।

निवर्तमान मुख्यमन्त्री बहादुरसिंह लामापक्षले मन्त्रिपरिषद्मा सम्मानजनक हिस्सा खोज्दै सामूहिक राजीनामाको चेतावनी दिएपछि बानियाँ अप्ठेरोमा परेका हुन् । यसअघि मुख्यमन्त्री रहेका लामाले आफ्नो पद धरापमा परेपछि गोविन्द लम्साल, माया श्रेष्ठ र गीता गुरुङलाई मन्त्री नियुक्तिको तयारी गरेका थिए । तर प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा बिरामी भएर उपचारका लागि अस्पताल भर्ना भएपछि तीन मन्त्रीको नियुक्ति रोकिएको थियो ।

यी तीन जनालाई सरकारमा सहभागी गराउनुपर्ने मागसहित लामापक्षले चेतावनी दिएको हहो । साउन ९ मा लामाविरुद्ध बानियाँकै नेतृत्वमा २१ सांसदले कांग्रेस संसदीय दलमा अविश्वास प्रस्ताव दर्ता गराएका थिए । त्यसपछि साउन १३ गते अविश्वासको प्रस्तावमाथि मतविभाजन हुँदा अविश्वास प्रस्तावको पक्षमा २२ र विपक्षमा १५ मत परेपछि लामाले दल नेताको हैसियत गुमाएका थिए । भोलिपल्टै साउन १४ गते दलको नेता चयनका लागि भएको निर्वाचनमा लामा पराजित भए । यद्यपि, उनले संविधान देखाउँदै मुख्यमन्त्रीबाट राजीनामा नदिने अडान लिए ।

त्यसपछि सभापति शेरबहादुर देउवाले आफ्नो निवास बूढानीलकण्ठ डाकेर लामालाई राजीनामा दिन निर्देशन दिएका थिए ।

क्रमशः पृष्ठ २ मा

## भूमि विधेयकको मस्यौदा तयारीमा मन्त्रालयको बदमासी

### सांसदहरूको विरोधपछि समितिबाट भएन पारित

- विधेयकको प्रतिवेदन मस्यौदामा मन्त्रालयले आफूखुसी गरेको खुलासा
- सांसदहरूको विरोधले समिति बैठक स्थगित, मंगलबार पुनः बस्ने
- कतै शीर्षक त कतै कानुनी व्यवस्थाको भाषा नै परिवर्तन
- मन्त्रालयलाई संसदीय समितिमा विधेयकउपर भएको छलफलको प्रतिवेदन मस्यौदा तयार गर्ने अधिकार दिन नहुनेमा जोड
- शब्दजालमा सांसदलाई पार्ने प्रयास नगर्न मन्त्रालयलाई चेतावनी

■ जेबी योञ्जन

**काठमाडौं–** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकको प्रावधानमा हेरफेर गरेको खुलेको छ । मूल आशय नै परिवर्तन हुनेगरी केही शीर्षक परिवर्तन गरेको पाइएको भन्दै संसदीय समितिमा विरोध भएको हो ।

'कुलिङ अफ पिरियड'लाई निष्प्रभावी बनाउनेगरी संघीय निजामती सेवा विधेयकको प्रावधानमा अनधिकृत हेरफेर प्रकरण सेलाउन नपाउँदै भूमि व्यवस्था मन्त्रालयले समितिमा छलफल भएभन्दा फरक शब्द र शीर्षक दिएर प्रतिवेदन तयार गरेको देखिएको हो । यसप्रति सांसदहरूले गम्भीर आपत्ति जनाएका छन् । अबदेखि मन्त्रालयलाई प्रतिवेदन तयार गर्ने जिम्मा दिन नहुनेसम्मका आवाज सांसदहरूले उठाए ।

सांसदहरूकै विरोधले आइतबार भूमि विधेयक प्रतिनिधिसभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकबाट पारित हुन सकेन । समिति सभापति कुसुमदेवी थापाले थप अध्ययनका लागि भन्दै यही २७ गते बस्नेगरी बैठक स्थगित गरिन् । विधेयकउपर संसदीय समितिमा छलफल भएर जे टुंगो लागेको थियो, त्यहीअनुसार प्रतिवेदन बनेको भए आइतबार नै समितिबाट पारित गर्ने कार्यसूची थियो । तर, त्यसो भएन ।

भूमिसम्बन्धी प्रचलित ऐनको दफा १२ छ को शीर्षकमा 'स्वीकृत गराउनुपर्ने' भन्ने छ । मन्त्रालयले तयार गरेको प्रतिवेदनको मस्यौदामा 'स्वीकृत प्रतिवेदन पेस गर्नुपर्ने' भनिएको छ ।

क्रमशः पृष्ठ २ मा



**प्रतिनिधिसभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आइतबार बसेको बैठक ।** *तस्बिरः रासस*



धेरै माननीय सदस्यहरूको धारणा अध्ययनका लागि समय चाहियो भन्ने रह्यो । मन्त्रालयले तयार पारेको मस्यौदाको सम्बन्धमा र भाषा मिलाउनुपर्नेलगायतका विषयमा माननीयहरूले अध्ययन गरेर आउनेगरी समितिको बैठक स्थगित गरियो ।

■ **कुसुमदेवी थापा**
सभापति, कृषि सहकारी तथा प्राकृतिक स्रोत समिति

सन्दर्भः वैदेशिक रोजगार

## बदलिँदै वैदेशिक रोजगारीको 'ट्रेण्ड'

### खाडी मुलुक र मलेसिया जाने घट्दै, अन्य मुलुकमा बढ्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने नेपाली युवाहरूको प्रमुख गन्तव्य रहेको खाडी मुलुक र मलेसिया जानेहरूको संख्या क्रमशः घट्न थालेको छ । विगतमा अधिकांश युवाहरू खाडीका साउदी अरब, संयुक्त अरब इमिरेट्स (युएई), कतार, ओमान, कुवेत र बहराइन तथा मलेसिया जाने गरेकामा पछिल्ला वर्षहरूमा यी मुलुकमा युवाहरूको आकर्षण घट्दै गएको तथ्यांकमा देखिन्छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०७१/७२ मा छ लाख ६५ हजार ३९३ जना वैदेशिक रोजगारीमा जाँदा छ लाख ४८ हजार ७११ जना खाडीका छ वटा मुलुक र मलेसिया गएका थिए । यो संख्या संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति लिएर जानेहरूको हो । यी बाहेकका मुलुक जानेहरू १६ हजार ६८२ जना अर्थात् २.५० प्रतिशतमात्र थिए । जबकि, १० वर्षपछि अर्थात् आर्थिक वर्ष २०८१/८२ मा आइपुग्दा यो संख्या बढेर १७.०२ प्रतिशत पुगेको छ । उक्त आवमा आठ लाख ३९ हजार २६६ जना रोजगारीमा जाँदा यी सात मुलुकबाहेकका देशमा एक लाख ४२ हजार ८५० जना गएका छन् ।

विगतका वर्षहरूको तथ्यांक हेर्दा यस्तो संख्या क्रमशः बढेको देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा रोजगारीमा गएका पाँच लाख आठ हजार ८२८ जनामध्ये २७ हजार ६०१ अर्थात् ५.४२ प्रतिशतले यी सात मुलुकबाहेकका देशमा जान श्रम स्वीकृति लिएका थिए । त्यस्तै आव २०७६/७७ मा तीन लाख ६८ हजार ४३३ जना रोजगारीमा गएकामध्ये २३ हजार ३७५ अर्थात् ६.३४ प्रतिशत, २०७७/७८ मा गएका एक लाख ६६ हजार ६९८ जनामध्ये १४ हजार १२४ अर्थात् ८.४७ प्रतिशत, २०७८/७९ मा गएका छ लाख ३० हजार ९० जनामध्ये ४२ हजार ७४१ जना अर्थात् ६.७८ प्रतिशत अन्य मुलुक गएका थिए ।


आव २०७९/८० मा यस्तो संख्या लगभग दोब्बरले वृद्धि भएको थियो । उक्त वर्षमा गएका सात लाख ७१ हजार ३२७ जनामध्ये ९३ हजार अर्थात् १२.०६ प्रतिशतको रोजगार गन्तव्य उक्त सात मुलुकबाहेकका देशहरू बनेका थिए । त्यस्तै आव २०८०/८१ मा गएका सात लाख ४१ हजार २९७ जनामध्ये एक लाख १२ हजार १६२ जना अर्थात् १५.१३ प्रतिशत अन्य मुलुक गएका छन् ।

केही वर्षयता रोजगारीमा जाने युवाहरूले खाडीबाहेकका मुलुक रोज्न थालेका छन् । युरोपका रोमानिया, क्रोएसिया, माल्टा, जोर्डन, पोर्चुगल, पोल्याण्ड, अफ्रिकी मुलुक मौरिसस, एसियाका जापान, माल्दिभ्सलगायतका मुलुक जानेहरू बढेका छन् । उदाहरणका लागि आव २०७५/७६ मा चार हजार २६४ जना रोजगारीका लागि जापान गएका थिए भने गत आवमा २३ हजार ७१ जना जापान गएका छन् । रोमानिया र क्रोएसियामा त सबैभन्दा बढी नेपाली आप्रवासी श्रमिक कार्यरत रहेको त्यहाँको हालसालैको सरकारी तथ्यांक छ ।

### 'अब मध्यपूर्व जानेहरू पाउनै कठिन हुने'

अबको पाँच वर्षपछि मध्यपूर्व जानेहरू पाउनै कठिन हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले बताए । 'पहिला पो धेरै छोराछोरी हुन्थे र साउदी, कतार पठाउँथे ।

क्रमशः पृष्ठ २ मा




**आर्थिक वर्ष २०७१/७२ देखि २०८१/८२ मा खाडी र मलेसियाबाहेकका मुलुकहरूमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका नेपालीहरूको संख्या (प्रतिशतमा) ।**
*स्रोतः वैदेशिक रोजगार विभाग*







# तस्बिरमा गाईजात्रा
















१) मृतकका सम्झनामा आफन्तजनले काठमाडौंको बसन्तपुरमा आइतबार निकालिएको गाईजात्रा ।

२) भाद्र शुक्ल प्रतिपदा साँपारू अर्थात् गाईजात्राको दिन मृतकको सम्झनामा भक्तपुरमा निकालेको गाईजात्रा ।

३) पोखरा महानगरपालिका-१३, बाझापाटनमा निकालेको सांस्कृतिक झाँकी र परम्परागत पोसाकसहितको गाईजात्रा ।

४) ताप्लेजुङको सदरमुकाम फुङ्लिङमा आइतबार नेवार समुदायले आयोजना गरेको गाईजात्रा ।

५) पहाडी जिल्ला भोजपुरमा आइतबार निकालिएको गाईजात्रा ।

*तस्बिरहरू: रासस*

पृष्ठ १ बाट क्रमश:

## भूमि विधेयकको...

शीर्षकमै भएको परिवर्तनप्रति असन्तुष्टि जनाउँदै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद अशोक चौधरीले भूमि व्यवस्थामन्त्री बलराम अधिकारीलाई प्रश्न गरे । उनले सोधे, 'स्वीकृत गराउनुपर्ने शीर्षकलाई फेरेर स्वीकृत प्रतिवेदन पेस गर्नुपर्ने भनेर ल्याइएको यो एउटै कुरा हो कि फरक-फरक हो ? फरक हो भने हामीले शीर्षक फेर्ने भनेका थियौं र ?'

भूमिसम्बन्धी मौजुदा कानुनी व्यवस्थामा संशोधन गर्ने क्रममा विधेयकमा लामो र अस्पष्ट प्रावधान उल्लेख गरिएको छ । यसअघि प्रचलित ऐनको दफा १२ छ मा 'हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमति प्राप्त गर्नुअघि कुनै सार्वजनिक संस्था, उद्योग, कम्पनी, प्रतिष्ठान, शैक्षिक संस्था, आयोजना वा संघ संस्थाले जग्गा उपयोगसम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र वातावरणीय अध्ययन प्रतिवेदन (इआइए) तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउनुपर्ने छ' भन्ने उल्लेख थियो ।

संशोधन गर्न बनेको विधेयकमा सोही प्रावधानलाई पनि लामो र भद्दा बनाइएको छ, जसप्रति सांसदहरू असन्तुष्ट भए । 'कुनै सार्वजनिक संस्था, उद्योग, कम्पनी, प्रतिष्ठान, शैक्षिक संस्था वा संघ संस्थाले आयोजना वा परियोजना सञ्चालनका लागि सम्बन्धित निकायबाट प्रचलित कानुनबमोजिम अनुमति प्राप्त गर्दा जग्गा उपयोगसम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र वातावरणीय अध्ययन प्रतिवेदन पेस गर्नुपर्ने भए हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृति माग गर्दा त्यस्तो जग्गा उपयोगसम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र सम्बन्धित निकायबाट स्वीकृत भएको वातावरणीय अध्ययन प्रतिवेदन (इआइए) को प्रमाणित प्रतिलिपिसमेत पेस गर्नुपर्ने छ ।'

यसअघि यो व्यवस्थालाई हटाएर सरकारले यही दफामा घरजग्गा व्यवसायको जग्गा बिक्रीसम्बन्धी व्यवस्था राख्नेगरी विधेयक ल्याएको थियो । यसप्रति सांसदहरूले सरकारको नियतमाथि प्रश्न उठाएका थिए । तर, भूमि व्यवस्थामन्त्री अधिकारीले भने गत बिहीबार सरकारको नियत गलत नरहेको दाबी गरेका थिए । भूमि ऐन, २०२१ को दफा १२ छ को व्यवस्था यथावत् राख्ने पनि बताएका थिए ।

यद्यपि, संसदीय समितिमा भएको सहमति र मन्त्री अधिकारीको भनाइअनुसार भूमिसम्बन्धी विधेयकको प्रतिवेदन आएन । अनि, विरोध भयो । नेपाली कांग्रेसका सांसद वीरबहादुर बलायरले शीर्षकसँगै प्रस्तावित व्यवस्थासमेत नबुझिनेगरी राखिएको भनेर आपत्ति जनाए । सांसदहरूलाई शब्दजालमा पार्न खोजिएको उनको टिप्पणी थियो ।

'डिपिआर दुई/दुई ठाउँमा राखिएको छ, यो आवश्यक हो ? एक ठाउँमा राख्दा के हुन्छ ? दुई ठाउँमा राख्दा के हुन्छ ? यो ड्राफ्टकै हिसाबले मिलेजस्तो देखिन्न,' उनले बैठकमा भने, 'शब्दजालमा सांसदलाई पार्ने प्रयास नगर्नुहोस् ।' उनले विधेयकको प्रतिवेदन मन्त्रालयले बनाउने परिपाटीको पनि विरोध गरे ।

बैठकमा कांग्रेसकै सांसद शान्ति विकले विधेयकको प्रतिवेदन दुईखाले प्राप्त भएको भन्दै विरोध गरिन् । उनले पनि सांसद बलायरले जसरी मन्त्रालयले प्रतिवेदन तयार गरेकोप्रति असहमति जनाइन् । 'कति राम्रो कानुन बनाएर पठाउने भन्ने कुरा समितिमा निर्भर छ र हुनुपर्छ । विधेयक निर्माणमा हामी नै जवाफदेही र हामी जिम्मेवार छौं भन्ने लाग्दछ,' उनले भनिन् ।

भूमि विधेयकको प्रतिवेदन मस्यौदा भने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले तयार गरेका थिए । उक्त प्रतिवेदनको विरोध भएपछि समिति सभापति थापाले बैठक स्थगित गरिन् । 'धेरै माननीय सदस्यहरूको धारणा अध्ययनका लागि समय चाहियो भन्ने रह्यो,' उनले भनिन्, 'मन्त्रालयले तयार पारेको ड्राफ्टको सम्बन्धमा र भाषा मिलाउनुपर्नेलगायतका विषयमा माननीयहरूले अध्ययन गरेर आउनेगरी समितिको बैठक स्थगित गरियो ।'

भूमि विधेयक निकै विवादित विधेयक हो । तैपनि प्रधानमन्त्री केपी शर्मा ओली यो विधेयकलाई छिटो पारित गराउने पक्षमा छन् । उनले यसअघि अध्यादेश नै ल्याएका थिए । त्यसबेला उपेन्द्र यादव अध्यक्ष रहेको जनता समाजवादी पार्टी (जसपा) नेपालले समर्थन जनाएन । विधेयक ल्याउँदा नै जसपा नेपालसँगै कांग्रेसका दुई महामन्त्रीले असहमति जनाए । त्यही कारण पारित हुन नसकेको विधेयक शंकास्पद देखिएको हो ।

■■■

## बानियाँलाई...

जवाफमा लामाले आफ्नो पक्षका तीन सांसदलाई मन्त्री बनाउन प्रस्ताव राखे। उक्त प्रस्ताव बानियाँले स्वीकारेको लामापक्षका सांसदहरूको दाबी छ । त्यसपछि ११० सदस्य रहेको बागमती प्रदेशमा बानियाँ कांग्रेसका ३७ र एमालेका २७ गरी ६४ सांसदको समर्थनमा साउन २० गते मुख्यममन्त्रीमा नियुक्त भएका हुन् ।

### लामालाई अप्ठेरो पार्ने बानियाँको चाल

निवर्तमान मुख्यमन्त्री लामापक्षका तीन जना मन्त्री नियुक्त गर्नुपर्ने भएपछि बानियाँले मन्त्रिपरिषद् विस्तारमा कांग्रेसको पाँच कोटा खाली नै राखेका छन् । बानियाँले साउन २० गते नै मन्त्रिपरिषद् विस्तार गर्दा कांग्रेसका शिवहरि अधिकारी र कृष्णकुमार तामाङलाई मात्र मन्त्री नियुक्त गरे । अधिकारीलाई कुनै मन्त्रालय तोकेका छैनन् भने तामाङलाई खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय जिम्मेवारी तोकियो ।

नेकपा एमालेको भागमा परेका छ मन्त्रालयमा सबैमा मन्त्री नियुक्त भइसकेका छन् । एमालेबाट मधुसुदन पौडेल कृषि तथा पशुपन्छी विकास, दिनेशचन्द्र देवकोटा भौतिक पूर्वाधार विकास, जयराम थापा श्रम रोजगार तथा यातायात, भरतबहादुर केसी वन तथा वातावरण, किरण थापा स्वास्थ्य र बिन्दु श्रेष्ठले उद्योग वाणिज्य, भूमि तथा प्रशासनमन्त्रीको जिम्मेवारी प्राप्त गरेका छन् ।

विश्वासको मत पाएपछि सहमति लत्याउनेगरी बानियाँ अघि बढ्ने बुझाइ लामापक्षको देखिन्छ । 'पहिले विश्वासको मत लिने त्यसपछि गरेको सहमति तोड्ने नियतले विश्वासको मत लिन लागेको देखिन्छ,' लामापक्षका एक सांसदले भने ।

यही चाल बुझेर लामापक्षका १४ जना सांसदले सांसद पदबाटै सामूहिक राजीनामाको चेतावनी दिएका हुन् । लामाको नेतृत्वमा आइतबार सभापति देउवालाई भेटी राजीनामा बुझाउन खोजेका थिए । तर देउवाले सबै आफूले मिलाउँछु भन्दै राजीनामा नबुझेको लामापक्षका सांसद गोविन्द लम्सालले बताए । भेटमा देउवाले बानियाँलाई विश्वासको मत दिन निर्देशन दिएको लम्सालले बताए । 'सभापतिज्यूले सबै मिलाउँछु भन्नुभयो । मुख्यमन्त्रीमा बानियाँलाई विश्वासको मत नदिए कारबाही हुने चेतावनी पनि दिनुभयो,' लम्सालले भने ।

बागमती प्रदेश कांग्रेस संसदीय दलले प्रदेशसभाका सबै सदस्यहरूलाई ह्वीप नै जारी गरेर बानियाँलाई विश्वासको मत दिन भनेको छ । एमालेले पनि बानियाँलाई नै मत दिन ह्वीप जारी गरिसकेको छ । बानियाँलाई सरकार जोगाउन ५६ मत आवश्यक हुन्छ । एमालेको २७ मत र कांग्रेसको ३७ जोड्दा ६४ मत पुग्छ । यद्यपि, लामापक्षका १४ जनाले 'फ्लोर क्रस' गरेमा ४९ मतमात्र बानियाँ पक्षमा हुन आउँछ । यद्यपि विश्वासको मतमा लामालाई सघाएका रमेश महत भने बानियाँले विश्वासको मत पाउनेमा ढुक्क छन् । शेखर कोइरालापक्षका मानिने महतले भने, 'विश्वासको मतका लागि सहमति जुट्छ । बहादुर र मुख्यमन्त्री बानियाँबीच कुराकानी भइरहेको छ,' महतले भने ।

लामा नेपाली कांग्रेस र नेकपा एमालेको समर्थनमा २०८१ साउन ८ गते बागमती प्रदेश सरकारको मुख्यमन्त्री पदमा नियुक्त भएका थिए । त्यसअघि २०७९ पुस १३ गते बानियाँलाई हराउँदै उनी कांग्रेस बागमती प्रदेश संसदीय दलको नेतामा निर्वाचित भएका थिए । लामाले २१ मत ल्याउँदा बानियाँले १६ मत प्राप्त गरेका थिए । तर यसपटकको बजेट विवादका कारण लामाले संसदीय दलमा विश्वासको मत गुमाएसँगै पदबाट राजीनामा दिएका हुन् ।

■■■

## बदलिँदै वैदेशिक...

अहिले बढीमा दुईवटा सन्तान हुन्छन् । अहिलेका आमाबुबा साउदी, कतार बसेर पनि छोराछोरीलाई बोर्डिङ स्कुल नै पढाउँछन्,' गुरुङले भने, 'बोर्डिङ स्कुलको प्रोडक्टलाई कसले खाडी पठाउने ? उनीहरूको पहिलो रोजाइ अमेरिका, त्यसपछि अस्ट्रेलिया, क्यानडा, जापान र युरोप छ ।'

आकर्षक तलब सुविधा, अनुकूल हावापानी र श्रमअधिकारको अवस्था तुलनात्मकरूपमा राम्रो हुने खाडीबाहेकका मुलुकमा युवाहरू जन थालेका छन् । यसरी जाने युवाहरू संस्थागत मागपत्र नआएको अवस्थामा व्यक्तिगत श्रम स्वीकृति लिएर जाने गर्दा पछिल्लो समय ठगीका घटनासमेत बढेका छन् । सरकार लेसमेत खाडी जानेहरूलाई युरोपतिर सिफ्ट गर्ने भन्दै मागपत्र प्रमाणीकरणको समस्या छिट्टै समाधान गर्ने बताउँदै आएको छ । गत जुलाइबाटै प्रमाणीकरण हुन्छ भनिए पनि हुन भने सकेको छैन । हाल अस्ट्रिया र जर्मनीमा रहेका दूतावासले अन्य मुलुकको मागपत्र प्रमाणीकरण गर्दै आएका छन् ।

# अठारौं पुस्तकालय दिवस मनाउन मूल समारोह समिति गठन

**काठमाडौं (प्रस)**– यस वर्ष अठारौं पुस्तकालय दिवस 'हाम्रो पुस्तकालयः हाम्रो भविष्य' भन्ने आदर्श वाक्यका साथ मनाइने भएको छ । यसका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव चूडामणि पौडेलको अध्यक्षतामा मूल समारोह समिति गठन गरिएको छ ।

सरकारले हरेक वर्ष भदौ १५ गते पुस्तकालय दिवस मनाउँदै आएको छ । यस वर्ष पुस्तकालय दिवस मुलुकभर रचनात्मक र सन्देशमूलक विविध कार्यक्रमसहित मनाउने तयारी भइरहेको प्रचारप्रसार उपसमितिका संयोजक राजेन्द्रप्रसाद पाण्डेयले जानकारी दिए । मूल समारोह समितिको उपाध्यक्षमा मन्त्रालयका विद्यालय शिक्षा महाशाखा प्रमुख सहसचिव रुद्रप्रसाद अधिकारी तथा पुस्तकालय समन्वय, अभिलेख शाखा उपसचिव प्रेमराज अधिकारी सदस्य सचिव रहेका छन् ।

समितिमा नेपालको राष्ट्रिय पुस्तकालय, केसर पुस्तकालय, डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय, नेपाल सामुदायिक पुस्तकालय संघ, नेपाल पुस्तकालय संघलाई समावेश गरिएको छ । त्यसैगरी कोशी प्रदेश पुस्तकालय महासंघ, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, त्रिवि पुस्तकालय विज्ञान विभाग केन्द्रीय विभाग, नेपाल खुला विश्वविद्यालयलगायत २० भन्दा बढी महत्त्वपूर्ण संस्थाका प्रतिनिधि रहेका छन् । पुस्तकालय दिवसलाई सफल तुल्याउन पुस्तकालय क्षेत्रको विकास तथा विस्तारमा संलग्न सबै सरोकारवालाको मूल समारोह समितिमा सहभागिता रहने छ ।

पुस्तकालय दिवसका अवसरमा सम्मान तथा पुरस्कार छनोटका लागि सहसचिव अधिकारी संयोजक रहेको पाँच सदस्यीय उपसमिति तथा नेपाल सामुदायिक पुस्तकालय संघका महासचिव राजेन्द्रप्रसाद पाण्डेय संयोजक रहेको प्रचारप्रसार उपसमिति गठन गरिएको छ ।


**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०४/२६**

यस जनहित सामुदायिक वन उपभोक्ता समूह हेटौडा, १९ मकवानपुरले आ.व. २०८०।८१ मा स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार ढलापाडा रूखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ. समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान ३५२ को २८३७.२६ क्यू.फि. काठ बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन खरिद गरि २२ औं दिन दिनको १२ बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री जनहित सामुदायिक वन उपभोक्ता समूह**
**हेटौडा १९ मकवानपुर**



**१५ दिने सूचना**

(प्रकाशित मिति २०८२।०४।२६ गते)

श्री उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जबाट जारी भएको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा.वडा नं. ३२ मा बस्ने शङ्कर राज उपाध्यायको नाउँमा जारी भएको १५ दिने सूचना म्याद ।

निवेदक रेशम बहादुर सिलवाल र विपक्षी शङ्कर राज उपाध्याय भएको उत्प्रेषण परमादेश मुद्दामा यस अदालतबाट मिति २०८२।०३।३० मा पत्रिकामा सूचना प्रकाशित गर्ने गरी भएको आदेशानुसार तपाईंको नाउँमा यो सूचना म्याद प्रकाशित गरिएको छ । यो म्याद प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक **१५ दिन**भित्र तपाईं आफैं वा कानुन बमोजिमको प्रतिनिधि मार्फत् **लिखित जवाफ** पेश गर्नुहोला । म्याद गुजारी बसेमा कानुन बमोजिम हुनेछ ।

इति सम्वत् २०८२ श्रावण महिना............गते रोज.......शुभम्



**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२।४।२६**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८१/८२ मा खयर रुखहरूबाट संकलन भएको खयर प्रजातिको गोलिया ८०१.७१ क्यू.फि. काठ (स्यापउड सहित) लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री भलायटार सा.व.उ.स., रामपुर-२, पाल्पा**



**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**पहिलो पटक प्रकाशित मिति: २०८२/०४/२६**

यस कम्पनीको मिति २०८२/०४/०७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **रिलायन्स इन्फ्राटेक** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **एन.के.बि.एस. ग्लोबल** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०४/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एन.के.बि.एस. ग्लोबल**(प्रा.लि.नं.५४९२४) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।




**अधिकृत वारेसनामा बदर गरिएको सूचना !**

*प्रकाशित मिति २०८२/०४/२६ गते*

म निवेदिका डोलमणि जोशीको छोरी प्रकाशराज कँडेलको पत्नी चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.१० घर भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.४ बस्ने वर्ष ५० कि **सुमना कँडेल** (ना.प्र.नं.१३०२२/०५९ मिति २०५९/२/२१ जि.प्र.का.चितवन) आगे मेरो नाउँमा मालपोत कार्यालय झापा दमकमा एकलौटी दर्ता श्रेस्ता कायम रही अरु कसैको हक नलाग्ने मेरो एकलौटी हकभोगको यस अघि अरु कसैलाई कुनै व्यहोराले लिखत गरी हक छाडी नदिएको तपसिलमा उल्लेखित जग्गाहरू सम्बन्धित मालपोत कार्यालयमा उपस्थित भई जो कोहीलाई विक्री वितरण राजिनामा, सट्टापट्टा, दृ.ब., हालैदेखिको वकसपत्र वा अन्य कुनै व्यहोराले हक हस्तान्तरण हुने गरी रजिष्ट्रेशन पारित गरी दिन मेरो आफ्नो घरायसी काम विशेषले असमर्थ भएकोले मेरो सट्टामा ऐनले अधिकृत वारेसनामा गरिदिन हुने मेरो पति प्रेमदत्त कँडेलको नाति कृष्णराज कँडेलको छोरा चितवन जिल्ला पटिहानी गा.वि.स.वडा नं.२ को परिवर्तित भरतपुर महानगरपालिका वडा नं.२२ घर भै हाल का.जि.का.म.न.पा.वडा नं.४ बस्ने वर्ष ६० को प्रकाश राज कँडेल (ना.प्र.नं.३५७६ मिति २०४५/६/६ जि.का.चितवन) लाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ (२), ऐ.दफा १५४ (१) र मुलुकी देवानी संहिता, २०७४ को सम्पत्तिको हक हस्तान्तरण तथा प्राप्ति सम्वबधीको दफा ४२५ नं.बमोजिम यो अधिकृत वारेसनामा गरी दिई पठाएको छु । तपाई अधिकृत वारेसले सम्बन्धित मालपोत कार्यालयमा उपस्थित भई तपसिलमा लेखिए बमोजिमको जग्गाहरू जो कोहीलाई विक्री वितरण राजिनामा, सट्टापट्टा, दृ.ब.हालैदेखिको वकसपत्र वा अन्य कुनै व्यहोराले हक हस्तान्तरण हुने गरी रजिष्ट्रेशन पारित गरी दिएमा मेरो पूर्ण मन्जुरी छ । उल्लेखित व्यहोरामा पछि मेरो मन्जुर छैन भनी कहींकतै उजुर बाजुर गर्ने गराउने छैन, गरे गराएमा यसै अधिकृत वारेसनामाबाट बदर गरी कानून बमोजिम होस् । अदालतबाट लागेको दण्ड जरिवाना, दसौंद, आदेशले बाँकी रहेको कोर्ट फि, सरकारी विगो समेत मैले तिर्न बुझाउन बाँकी छैन नबुझाई बाँकी राखेको ठहरे यो अधिकृत वारेसनामा बदर गरी कानून बमोजिम होस् भनी मेरो मनोमान खुशीराजीले काठमाण्डौ जिल्ला अदालतका माननीय न्यायाधीशज्यूको रोहवरमा बसी सहिछाप गरी यो अधिकृत वारिसनामा प्रमाणित गराई तपाई अधिकृत वारेस प्रकाश राज कँडेललाई मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५४ वमोजिम अधिकृत वारेसनामा दिएकोमा अब उप्रान्त म आफैं सम्बन्धित मालपोत कार्यालयमा उपस्थित भई ती उल्लेखित काम, कार्वाही गर्न सक्ने भएको हुँदा मैले कानुन वमोजिम अधिकार प्रत्यायोजन गरेको व्यक्तिलाई कानुन वमोजिम नै साविक मुलुकी ऐन आ.व.७१ (ग) (३) वमोजिम र हालको मुलुकी देवानी संहिता २०७४ को दफा १५५ नं.वमोजिम निज **अधिकृत वारेस प्रकाश राज कँडेललाई खारेज गरेको यो सार्वजनिक सूचना** प्रकाशित गरेको छु । निज वारेस आजकै मितिबाट **खारेजी** भएको व्यहोरा अनुरोध छ ।

पत्रकारसम्बद्ध पाँच संस्थाको माग–

# मिडिया काउन्सिल विधेयक संशोधन गरेरमात्र अगाडि बढाऊ




**काठमाडौं (प्रस)–** विभिन्न पाँच संस्थाले मिडिया काउन्सिल विधेयकबारे सरोकारवाला पक्षसँग पर्याप्त छलफल र समझदारी गरी आवश्यक संशोधन गरेर मात्र अगाडि बढाउन आग्रह गरेका छन् ।

प्रेस सेन्टर नेपाल, प्रेस संगठन, नेपाल जनपत्रकार संगठन, नेपाल, क्रान्तिकारी प्रेस संगठन र प्रेस नेपालले आइतबार संयुक्त प्रेस वक्तव्य जारी गर्दै प्रतिनिधिसभाको विषयगत समितिमा छलफलका क्रममा रहेको मिडिया काउन्सिल विधेयकका कतिपय प्रावधान संशोधन गर्नुपर्ने माग गरेका हुन् ।

'प्रतिनिधिसभाको विषयगत समितिमा छलफलमा रहेको मिडिया काउन्सिल विधेयकका महत्त्वपूर्ण प्रावधान संशोधन गर्नुपर्छ, यसले पूर्ण प्रेस स्वतन्त्रतालाई संकुचन गरेको छ, प्रेस स्वतन्त्रताको विश्वव्यापी मान्यता, संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रता, राष्ट्रिय आमसञ्चार नीति २०७३, आमसञ्चार क्षेत्र सुधार समितिको सुझाव र सरोकारवाला पक्षसँगको समझदारीबमोजिम विधेयक संशोधन गरेर स्वतन्त्र, स्वायत्त र सक्षम मिडिया काउन्सिल स्थापना गरिनुपर्छ,' विज्ञप्तिमा भनिएको छ ।

ती संघसंस्थाले सूचना तथा प्रसारण विभाग र प्रदेश कानुनबमोजिम प्रदेशबाट हुँदै आएको अनलाइन सञ्चारमाध्यम प्रशासन कार्यालयमा दर्ता गर्नुपर्ने नयाँ व्यवस्था गर्नु संघीयताको मूल मर्मविपरीत भएको जनाएका छन् । मस्यौदा तयार भइसकेको आमसञ्चारमाध्यमसम्बन्धीएकीकृतकानुन (छाता ऐन)लाई चाँडो अगाडि बढाएर अनलाइनसहित सबै प्रकारका सञ्चारमाध्यमको दर्ता, नवीकरण र नियमनलगायतका कार्यलाई व्यवस्थित गर्न माग गरिएको छ ।

# सामान्य प्रशासन मन्त्रालयमा 'गुनासो व्यवस्थापन केन्द्र'




**काठमाडौं (प्रस)–** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नागरिकको गुनासो सुन्न र समाधान गर्न 'गुनासो व्यवस्थापन केन्द्र' सञ्चालनमा ल्याएको छ । मन्त्रालयले प्रवाह गर्ने सबै प्रकृतिका सेवा र सोको प्रक्रिया एवं नतिजाका सम्बन्धमा सेवाग्राहीका गुनासाको सुनुवाइ तथा समाधान गर्ने एकाइको रूपमा सो केन्द्र सञ्चालनमा ल्याइएको हो ।

सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले गुनासो व्यवस्थापन केन्द्रले सेवाग्राहीलाई तत्काल प्रतिक्रिया दिने र प्रक्रियागत ढिलाइ हटाउनेमा केन्द्रित भएर नयाँ प्रणाली लागू गरिएको जानकारी बताइन् । उनले भनिन्, 'नागरिकका गुनासा सुन्ने र तत्काल समाधान गर्ने कामलाई अब औपचारिक र प्रणालीगत बनाइयो । यसबाट नागरिकको भरोसा बढ्ने छ ।'

गुनासो व्यवस्थापन केन्द्रले मन्त्रालयको कार्यक्षेत्र र कार्यसम्पादनसँग सम्बन्धित विषयका गुनासाहरू व्यवस्थापन गर्न गुनासो व्यवस्थापन एकाइको रूपमा कार्य गर्ने छ । गुनासो व्यवस्थापन गर्न उपसचिवको नेतृत्वमा कर्मचारी रहने गरी जिम्मेवारी तोकिएको छ । केन्द्रले गुनासाहरूको संकलन, वर्गीकरण र सम्बोधन गर्ने छ । केन्द्रमा रहने कर्मचारीहरूले सेवाग्राहीबाट प्राप्त गुनासा अध्ययन र वर्गीकरण गर्ने छन् । कुनै निर्धारित विधि र प्रक्रिया पूरा गर्नु नपर्ने सामान्य प्रकृतिका सूचना वा जानकारी दिनुपर्ने वा स्पष्ट गर्नुपर्ने किसिमका गुनासा भए गुनासो सहजकर्ताले तत्कालै सम्बोधन गर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ ।

केन्द्रमा रहने कर्मचारीहरूले तत्कालै सम्बोधन गर्न नसक्ने प्रकारको गुनासा भए समाधानका लागि सम्बन्धित शाखामा पठाउने र सम्बन्धित शाखाले तत्काल सम्बोधन गर्न सम्भव हुने गुनासा शाखा प्रमुखबाट तत्कालै सम्बोधन हुने छ । शाखा प्रमुखले तत्काल सम्बोधन गर्न नसक्ने गुनासा सम्बन्धित महाशाखा प्रमुखसँग छलफल गरी तीन दिनभित्र सम्बोधन गर्ने र सम्बन्धित महाशाखा प्रमुखबाट सम्बोधन हुन नसक्ने प्रकृतिका गुनासा महाशाखा प्रमुखले आवश्यकताअनुसार अन्य महाशाखा प्रमुख र मन्त्रालयका सचिवसँग समन्वय गरी सात दिनभित्र सम्बोधन हुने छ ।

नीतिगतरूपमा सम्बोधन गर्नुपर्ने प्रकृतिका गुनासाहरू सम्बन्धित महाशाखा प्रमुखको प्रस्तावमा मन्त्रालयको उच्च व्यवस्थापन समूहको वैठकमा छलफल गरी निर्णय भएबमोजिम मन्त्रीस्तरीय निर्णयबाट एक महिनाभित्र सम्बोधन गरिने व्यवस्था मिलाइएको छ । गुनासो व्यवस्थापन केन्द्रमा गुनासो सहजकर्ताहरू उपसचिव भूपेन्द्र सापकोटाको संयोजकत्वमा शाखा अधिकृत लोकबहादुर लामा र नायब सुब्बा नवराज पराजुली रहेको मन्त्रालयले जानकारी दिएको छ ।

# सेनाको शिविरबाट छ हजार तीर्थयात्री लाभान्वित

**काठमाडौं (प्रस)–** नेपाली सेनाले जनैपूर्णिमालाई लक्षित गरी आयोजना गरेको स्वास्थ्य सहायता शिविरबाट छ हजार २३३ तीर्थयात्री लाभान्वित भएका छन् ।

बाजुरास्थित ईश्वरीबक्स गुल्मबाट बडीमालिका मन्दिर जाने तीर्थयात्रुलाई लक्षित गरी परिचालित चिकित्सकसहितको स्वास्थ्य टोलीले ८५८ जनाको स्वास्थ्य परीक्षण गरी औषधि उपलब्ध गराएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । बागलुङ ढोरपाटनस्थित दुर्गा भञ्जन गुल्मबाट ढोरबराह क्षेत्रमा ४१७ जना तथा ओखलढुंगास्थित दुर्गाबक्स गणबाट सोलु दूधकुण्डमा ३५६ तीर्थयात्रीलाई स्वास्थ्य सेवा उपलब्ध गराइएको पनि सेनाले जानकारी दिएको छ ।

यस्तै लमजुङस्थित चण्डीप्रसाद गणबाट दूधपोखरीमा १३० तथा रसुवास्थित श्रीनाथ गणबाट गोसाइँकुण्ड जाने विभिन्न आठ स्थानमा खटिएको विशेषज्ञ चिकित्सकसहितको टोलीले चार हजार १९० जनालाई स्वास्थ्य सहायता उपलब्ध गराएको छ । भक्तपुर जिल्लास्थित रणशेर गणबाट डोलेश्वर महादेव मन्दिरमा २८२ जनाको प्राथमिक उपचार एवं सामान्य स्वास्थ्य परीक्षण गरिएको पनि निर्देशनालयले जनाएको छ ।

तीर्थयात्राका क्रममा जटिल स्वास्थ्य समस्या भएका तीर्थालुमध्ये दूधकुण्डबाट चार, गोसाइँकुण्डबाट छ तथा बडीमालिकाबाट सात जनालाई स्ट्रेचरमार्फत उद्धार गरिएको थियो । त्यसमा अक्सिजनको कमी भई गम्भीर बिरामी भएका पाँच जनालाई सात सिलिण्डर अक्सिजन प्रदान गरिएको सेनाले जनाएको छ । बडिमालिकाबाट त्रिवेणी पाटन जाने क्रममा यही साउन २२ र २३ गते विष्णुपानीको भिरबाट लडेका ५२ वर्ष र ७५ वर्षका पुरुषको शव निकाली परिवारलाई हस्तान्तरण गर्ने क्रममा सेनाको हेलिकप्टरमार्फत सुर्खेत पुऱ्याइएको निर्देशनालयले जनाएको छ ।


## कतारमा रोजगार

कम्पनी : ARIKA CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/04/२४ | LT. No. 328861 | चलानी नं. ६०२४२६९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 5 | 0 | 2500 | ९६,१३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 10 | 0 | 1000 | ३८,४५५ | | | | | | | |
| 3 | Project Supervisor | 3 | 0 | 2500 | ९६,१३५ | | | | | | | |

कम्पनी : AARON CONTRACTING TRADING CLEANING

पूर्व स्वीकृति मिति : २०८२/04/२४ | LT. No. 328862 | चलानी नं. ६०२४२६९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ceramic Worker | 2 | 0 | 1200 | ४६,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | ELECTRIC TECH | 2 | 0 | 1200 | ४६,१४५ | | | | | | | |
| 3 | Foreman | 2 | 0 | 2500 | ९६,१३५ | | | | | | | |
| 4 | Office Boy | 1 | 0 | 1000 | ३८,४५५ | | | | | | | |
| 5 | Painter | 3 | 0 | 1200 | ४६,१४५ | | | | | | | |
| 6 | Plumber | 3 | 0 | 1200 | ४६,१४५ | | | | | | | |
| 7 | Tile Maker | 4 | 0 | 1200 | ४६,१४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २ गते (18th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career International Services (P.) Ltd.

License No.: 646/063/064

धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com



## जापानमा रोजगार

कम्पनी : HOUWA COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/04/२३ | LT. No. 328839 | चलानी नं. ६०२४२६९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture | 0 | 3 | 171947 | १६२,८५० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २ गते (18th Aug. 2025) मा हुनेछ । | नोट: जापानिज भाषा अनिवार्य जानेको हुनुपर्ने

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

जापानिज भाषा सिक्न चाहानुहुने महानुभावहरुले नि:शुल्क कक्षा संचालन भइरहेको छ, संस्थाको कार्यालयमा सम्पर्क गर्नुहोला ।

MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD

Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169, 9707429215, 9801018169, Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np




## चौदण्डीगढी नगरपालिका
## नगर कार्यपलिकाको कार्यालय

बेल्टार, उदयपुर, कोशी प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।





थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।




सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।



### डेंगीबाट बच्ने उपायहरु

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।





आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।



दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।



बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।





पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।



## मनमैजु समाज कल्याण बहुउद्देश्यीय सहकारी संस्था लि.

तारकेश्वर न.पा.-१०, लोकतान्त्रिक चोक, मनमैजु, काठमाडौं, फोन: ०१-४०२७१०६

### अठारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/०४/२६

*यही मिति २०८२/०४/१६ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार यस संस्थाको अठारौं वार्षिक साधारण सभामा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएकाले सम्पूर्ण शेयर सदस्यहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।*

**छलफलका विषयहरू:**

१. सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री लब कुमार बस्नेतद्धारा प्रस्तुत आ.व. ०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. संस्थाका तर्फबाट संस्थाका प्रबन्ध निर्देशक श्री सुशिला शर्माबाट प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा ।
३. लेखा परीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष ०८१/०८२ को वासलात र नाफा-नोक्सान हिसाव पारित गर्ने सम्बन्धमा ।
४. आ.व. ०८२/०८३ को लेखा कार्यक्रम तथा अनुमानित बजेट पारित गर्ने सम्बन्धमा ।
५. आ.व. ०८२/०८३ का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. साधारण सभाको निर्णयपुस्तिकामा दस्तखत गर्नका लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
७. संस्थाको विनियम आन्तरिक निति तथा कार्यविधि संशोधन गरी पारित गर्ने सम्बन्धमा ।
८. कोष तथा लाभांश वितरण सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
९. शेयर रकम फिर्ता सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।

**साधारण सभा हुने मिति, स्थान र समय**
मिति: २०८२ आश्विन ३ गते शुक्रबार ।
समय: विहान ११ बजे
स्थान: नागार्जुन इभेन्ट म्यानेजमेन्ट एण्ड पार्टी प्यालेस, बसन्तनगर, माछापोखरी, काठमाडौं
फोन: ९८५१०५३४६२, ९८५१०६८४६३, ९८४१३२६७११



## श्री गौरी शंकर कृषि सहकारी संस्था लि.

फिदिम-१, लखनमार्ग, पाँचथर

सम्पर्क नं -०२४-५२३०२८, ९८४२६८१७५९, ९८४०९९९९९८

### धितो जग्गा लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति: २०८२/०४/२६ गते

यस गौरी शंकर कृषि सहकारी संस्था लि. बाट तपाईंले कर्जा लिई पटक पटक लिखित एवं मौखिक रूपमा ताकेता गर्नुका साथै विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा विभिन्न मितिमा ३५ दिने कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्न नआएकोले कर्जाको सुरक्षण वापत संस्थाको नाममा लेखिदिएको निम्न अचल सम्पत्ति डाक बढाबढबाट लिलाम बिक्री गरी संस्थाको तपशिलमा उल्लेखित ऋण रकम साँवा, व्याज र हर्जनामा नघट्ने गरी लिलाम वढावढ गरिने हुँदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । ऋणिले संस्थाबाट कर्जा लिँदा कर्जा सुरक्षण वापत संस्थामा धितो रहेको अचल सम्पत्ति जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिन इच्छुक महानुभावहरूबाट यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र संस्थाको कार्यालय फिदिम -१, लखनमार्गमा कार्यालय समय भित्र आइपुग्ने गरि डाक बढाबढ फारम भरी सिलबन्दि गरिपेश गर्नु हुन सुचित गरिन्छ उक्त डाक बढाबढ फारम मध्येबाट यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा सो दिन बिदा परे सोको भोलिपल्ट कार्यालय खुलेको दिन संस्थाको कार्यालय फिदिम -१ लखनमार्गमा दिनको ११:०० बजे लिलाम बढाबढ गरिने हुँदा बोलपत्रदाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सुचित गरिन्छ । डाक लिलाम फारम संस्थाको कार्यलयबाट रु १००।- बुझाई खरिद गर्न सकिने छ । डाक लिलाम सम्बन्धी अन्य शर्त तथा नियमहरू संस्थाबाट कार्यलय समयभित्र प्राप्त गर्न सकिने छ । परेका बोलपत्रहरू स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

| ऋणीको विवरण | धितो विवरण | संस्थाले असुल गर्नुपर्ने रकम |
|---|---|---|
| ऋणी- टिकेन्द्र ओझा<br>बाबु- डाक प्रसाद ओझा<br>बाजे- लक्ष्मी प्रसाद ओझा | पाँचथर जिल्ला फिदिम न.पा.वडा नं २,<br>कित्ता नं २/क ५५९, क्षेत्रफल १-०-२-१ | २०८२ असार मसान्त सम्म<br>रु. ५१,३०,०००।-<br>(एकाउन्न लाख तीस हजार रूपैया मात्र) |

**शर्तहरू**

१. डाक लिलाम बढाबढ गर्ने दिन ऋणी वा ऋणीका प्रतिनिधि उपस्थित हुन यसै सुचनाबाट जानकारी गराइन्छ ।
२. धितो लिलाम बिक्रिबाट संस्थैको लेना रकम असुल उपर नभएमा ऋणी, धन जमानी र ऋणीका एक घरका परिवारको अन्य जायजेथा समेतबाट असुल उपर गरिनेछ ।
३. धितोको विस्तृत विवरण संस्थाको सुचना पाटीमा टाँस गरिएको छ ।
४. धितो लिलाम बिक्री सम्बन्धि बोलपत्रका अन्य शर्त वा धितो लिलाम बिक्री गरिने सम्पत्तिको अन्य आवश्यक कागजपत्रहरू हेर्न चाहनुहुने महानुभावहरूले कार्यालय समय भित्र संस्थामा आई हेर्न सक्नुहुनेछ ।
५. लिलाम डाक बढाबढ हुँदा सबै भन्दा बढि डाक बोल्नेको स्वीकार गरिने एवं सो अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिनमा जम्मा गर्नु पर्ने र बाँकी रकम संस्थाले तोकेको समय भित्र जम्मा गरी सक्नु पर्नेछ ।
६. उल्लेखित शर्तहरूमा नपरेको बिषयहरूका सन्दर्भमा नेपालको प्रचलित कानुन अनुसार हुनेछ ।



## हतुवागढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

घोडेटार, भोजपुर
कोशी प्रदेश, नेपाल

### क्याटलग/ब्रोसर सपिङ विधिबाट ब्याक हो लोडर खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

(सूचना प्रकाशित मितिः २०८२।०४।२६)

यस कार्यालयको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमको यान्त्रिक उपकरण सार्वजनिक खरिद ऐन, २०६३(संशोधन सहित) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौं संशोधन) को नियम ३१ (ख) बमोजिम त्यस्तो यान्त्रिक उपकरण उत्पादन गर्ने कम्पनी वा सो को आधिकारिक बिक्रेताहरूबीच मात्र प्रतिस्पर्धा गराउने उत्पादक वा आधिकारिक बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यविधि, २०७४ बमोजिम खरिद गर्ने भएकोले इच्छुक नेपाल सरकारको आधिकारिक निकायबाट इजाजतप्राप्त कम्पनी वा सो को आधिकारीक बिक्रेताहरूले आफ्नो कम्पनीको वा सो को ऐजेन्सी दर्ता प्रमाणपत्र, लेटर अफ अथोराईजेशन, उक्त मेसिन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, आ.व. २०८०।०८१ सम्मको कर चुक्ता वा म्याद थपको प्रमाणपत्र लगायतका कागजातहरूको प्रतिलिपी समावेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिमको ब्याक हो लोडर उत्पादनको प्राविधिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य तथा सुविधा सहितको विवरण (क्याटलग/ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको १२ बजेसम्म यस कार्यालयमा शिलबन्दी निवेदन दर्ता गराउन यो सूचना प्रकाशन गरिएको छ । स्पेशीफिकेशनको पूर्ण विवरण तथा थप जानकारीका लागि hatuwagadhi.ruralmunicipality@gmail.com मा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

| साधनको नाम | संक्षित विवरण |
|---|---|
| Backhoe Loader | Water Cooled diesel Engine, developing SAE rated Gross **HP not less than 85 HP with Torque Not less than 382 NM (**engine fully equipped with accessories) at governed RPM for efficient full load operation. |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कारागारलाई अपराधको हैन सुधार केन्द्र बनाऊ

दक्षिण अफ्रिकी देशहरूको 'ग्याङ वार'लाई झल्को दिनेगरी शुक्रबार कैलालीको जिल्ला कारागारमा कैदीबन्दीबीच झडप भयो। झडपका कारण धनगढीका ३६ वर्षीय भरत चौधरीको मृत्यु भयो । घटनामा परी ४७ जना घाइते भएका छन् । सुरक्षा व्यवस्थामा रहेको कमजोरीकै कारण उक्त घटना घटेको देखिएको छ ।

नेपालमा कारागारलाई सजाय भोगाउने थलोका रूपमा हेरिन्छ । तर यो त पुनर्स्थापना र सुधार केन्द्र हुनुपर्ने हो । कारागारमा विभिन्न अभियुक्तहरू आइपुग्छन्। हत्या, बलात्कार, कुटपिट, गुण्डागर्दीदेखि विभिन्न अपराधमा दोषी देखिएकाहरूको सुधारका लागि सरकारले स्थापना गरेको बन्दीगृह नै कारागार हो । तर अव्यवस्थित भौतिक संरचना, प्रशासनको लापरवाही, कैदीबन्दीको नाइकेलाई दिइने छुटजस्ता विषयले कारागार विवादमा तानिँदै आएको छ । शुक्रबार झडप भएको कैलाली कारागारको क्षमता १५० जनाको हो । तर यहाँ ६९५ कैदीबन्दी छन् । कारागारमा खटिएका कर्मचारीले पनि पछिल्लो समय लापरवाहीको हद पार गरेको देखिन्छ ।

कारागार प्रमुख वसन्त खत्री बिरामी बिदामा बसेको देखिन्छ। उनले नायब सुब्बा ज्ञानेन्द्र ओझालाई निमित्तको जिम्मेवारी दिएकोमा उनी पनि बिदा बसेर खरिदार रामकुमार चौधरीले जेल सञ्चालन गर्दै आएका थिए । यस्तो अवस्थामा पछिल्लो तीन साताअघिबाटै जेलमा झडपका घटना सुरु भइसकेको देखिन्छ । कैलाली कारागारमा नवीन रावल समूहले एकछत्र राज गरेको भेटिएपछि जेल प्रशासनले उनको पक्षका कैदीहरूलाई विभिन्न समयमा सरुवा गरेको देखिन्छ। यसरी सरुवा गर्दा रावल पक्षले हुलदंगा मच्चाउँदै यो कार्य रोक्न प्रशासनलाई दबाव दिएको देखिन्छ । उनीहरूले जेलभित्रैबाट आपराधिक गतिविधि सञ्चालन गर्दै आएको देखिन्छ।

कतिसम्म भने उनीहरूले कारागारलाई शनिबार साँझसम्म नियन्त्रणमा लिए। कोही भित्र आए पड्काइदिने भन्दै गेटमै ग्यास सिलिण्डर राखेका थिए । कारागारभित्रैबाट हत्यादेखि अफिम कारोबारीका घटना हुन्छन् भन्ने विषय काठमाडौं उपत्यकामै सुनिन्छ । कैलाली कारागारका कैदीबन्दीले मोबाइल फोनसमेत प्रयोग गरेको भेटिएको छ । यसमार्फत उनीहरूले आफ्नो धन्दा चलाएको हुनसक्ने अनुमान प्रहरीको छ ।

रावल समूहको कैदीहरूलाई तितरवितर गर्ने नियत प्रशासनको राम्रै देखिन्छ । तर यस्तो अवस्थामा प्रशासनलाई बलियो पार्दै सुरक्षा संयन्त्रलाई पनि जानकारी दिनुपर्थ्यो । जबकि, राष्ट्रिय मानवअधिकार आयोगले सुरक्षा अवस्था सुदृढ पार्न निर्देशन दिइसकेकोमा कारागार प्रशासनले बेवास्ता गरेको देखिन्छ । बेलाबेला भइरहेको झडपलाई पनि प्रशासनले नजरअन्दाज गरेको भए सायद दक्षिणी अफ्रिकी मुलुकहरूको झल्को दिनेगरी यसरी ग्याङ वार नै चाहिँ हुँदैनथ्यो। कैलाली घटनाबाट नेपालको सम्पूर्ण कारागारले सिक्नुपर्ने कुरा हो हरेक कदम चाल्दा सुरक्षा निकायसँग समन्वय। अनि अर्को विषय भनेको कारागारलाई अपराधको केन्द्र नबनाऊ, सुधार केन्द्र बनाऊ ।

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ। अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ। विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन। कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन्। यसमा सचेतता अपनाउन जरुरी छ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ। त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ। केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ। यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ। यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ। पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ। यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन्। यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ। त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ।

# हामी जनताका सेवक



■ डा. नारायण खड्का

देशलाई आर्थिकरूपमा विकास गर्ने कुरामा हाम्रो राजनीतिक नेतृत्वबाट कमीकमजोरी भएको छ । नेताहरूमा देशभक्तिको अभाव खड्किएको छ । व्याप्त भ्रष्टाचार छ । त्यस कारण सरकार र दलका नेताहरूले एकपटक देशको आर्थिक अवस्थाबारे समीक्षा गर्नुपर्छ । हामीले अहिले चार खर्ब रूपैयाँबराबरको कृषिजन्य वस्तुको आयात गर्दै आएका छौं । साढे १५ अर्बको मकैमात्रै आयात हुन्छ । ४०/४५ अर्बको चामलमात्रै खरिद गर्दा रहेछौं । खाद्यान्नमा आत्मनिर्भर हुने कुरा आर्थिक सार्वभौमिकतासँग जोडिन्छ । राजनीतिक व्यवस्था जतिसुकै बलियो भए पनि आर्थिक व्यवस्था बलियो भएन भने त्यो देशको समग्र विकास हुन सक्दैन ।

हामीकहाँ अहिले संसदीय अभ्यास राम्रै भइरहेको छ। यद्यपि, हामी सांसदहरू दोहोरो भूमिकामा छौं । हामीले कानुन निर्माणसँगै विकासको कामलाई पनि अगाडि बढाउनुपर्ने छ। हामीलाई देशको परिस्थितिले दोहोरो भूमिका दिएको हो । देशको परिवेशअनुसार सांसदले कानुन निर्माण गरेरमात्रै हुँदैन । विकासमात्रै गरेर पनि हुँदैन। यी दुईवटा कुरालाई सँगसँगै लैजानुपर्छ। जनताले कानुनभन्दा पनि विकास खोजेका छन्। रोजगारी खोजेका छन्। मैले कानुन बनाएको छु भनेर जनतामा गएँ भने जनताको अभिरुचि हुँदैन। विकसित देशको संसदीय अभ्यास र हाम्रो देशको संसदीय अभ्यासलाई तुलना गर्न सकिँदैन। अरू देशको संसदीय इतिहास लामो छ। उनीहरू अनुशासित छन्। कार्यतालिका बनाएर काम गर्छन्। विदेशका सांसद बढी कानुन निर्माणमै केन्द्रित हुन्छन्।

कानुन निर्माणमा ढिलाइ भएको भन्ने आरोप जुन छ, मलाई त्यति ढिला भएको जस्तो लाग्दैन। सरकारले प्रत्येक अधिवेशनमा विधेयकहरू पेस गरिरहेको छ। कानुन निर्माण प्रक्रिया अलिकति लामो हुने भएकाले ढिलाइ भएको हुन सक्छ। एउटा विधेयक संसद्मा, संसदीय समितिमा र विज्ञसँग पनि छलफल गर्दै लामो प्रक्रिया पूरा गरेर आउने हो। विधेयकमा दफावार छलफल गर्नुपर्छ। सदन बढी अवरुद्ध भएको कारण पनि कानुन निर्माणमा ढिलाइ भएको हो कि भन्ने लाग्छ। खासगरी स्थानीय तहको अधिकारको विषयलाई कार्यान्वयन गर्नुपर्ने छ। तीन तहको सरकारको समन्वयको विषय पनि छ। सदन राम्रोसँग चल्न पाएको छैन। विभिन्न कारण देखाउँदै संसद् अवरुद्ध हुँदै आएको छ। कुनै एउटा दलले महिनौंसम्म सदन अवरोध गरेपछि संसदीय अभ्यास कसरी राम्रो हुन्छ ? संघीयतासँग जोडिएका कानुनले कसरी पूर्णता पाउँछ ?

यो १० वर्षको अवधिमा संविधान जति कार्यान्वयन हुनुपर्ने हो, त्यति भएको छ। सबै धारा एकैचोटि कसरी कार्यान्वयन हुन्छ र ? संविधान भनेको बिस्तारै कार्यान्वयन हुँदै जाने कुरा हो। अर्को कुरा संविधान कार्यान्वयनका लागि आवश्यक स्रोत साधन पनि चाहिन्छ। त्यसका लागि देशको आर्थिक अवस्था पनि हेर्नुपर्छ। यद्यपि, अति आवश्यक कानुनहरू बनिसकेका छन्। कतिपय बन्ने क्रममा छन्।

अहिले निर्वाचन प्रणालीअनुसार समानुपातिक व्यवस्थाले गर्दा कुनै पनि दलको बहुमत आउने सम्भावना छैन। कुनै पनि दलको बहुमत नआएपछि गठबन्धनको सरकार अस्थिर हुन्छ। बढीमा नौ-दश महिनाभन्दा बढी कुनै पनि सरकारले काम गर्न पाएको छैन। यसअघि नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकता भएको बेलाको सरकारले दुई-तीन वर्ष काम गर्ने अवसर पाएको थियो। त्यसले पनि सही ढंगले काम गर्न सकेन। त्यसैले अहिलेको निर्वाचन प्रणालीमा संशोधन गर्नुपर्छ।

संघीयताको बारेमा पनि बहसहरू भइरहेका छन्। कतिपय पार्टीले संघीयताबारे पुनःविचार गर्नुपर्छ पनि भनेका छन्। धेरैले प्रदेश सरकारका बारेमा प्रश्न उठाइरहेका छन्। खासगरी मधेसवादी दलले प्रदेश संरचनाको बनावटबारे प्रश्न गर्दै आएका छन्। प्रदेशमा हुने अनियमितताको विषय पनि छ। प्रदेश तहको आकार, सांसदको आकार र मन्त्रालयको आकारका बारेमा पनि संशोधनको कुरा आएको छ। प्रदेश प्रमुखको सेवा सुविधाको पनि कुरा छ। देशको स्रोत/साधन कमजोरी भएको अवस्थामा यी कुराहरू उठ्नु स्वाभाविक छ। सधैँभरि विदेशीसँग ऋण मागेर जनप्रतिनिधि र कर्मचारीलाई तलब खुवाएर कसरी देश चल्छ ? तर पनि मेरो विचारमा प्रदेश सरकार संघीयताको महत्त्वपूर्ण अंग हो।

सबैभन्दा पहिला तीन तहको सरकारको आवश्यकता छ वा छैन भन्ने कुरामा गम्भीर बहस हुनुपर्ने आवश्यकता छ। यो कुरालाई सबै राजनीतिक पार्टीले गम्भीरतापूर्वक लिनुपर्छ। दलहरूले अहम्ता बोकेर हिँड्नु हुँदैन। आपसमा मिलेर देशको आर्थिक विकासमा लाग्नुपर्छ। संघीयताको नाममा हुने खर्चलाई कटौती गर्नुपर्छ। अब एक पटक देश र जनताको हितका लागि गम्भीर बहस गर्न आवश्यक छ। संघीयता सुदृढ गर्नुभन्दा पहिला कसरी लैजाने भन्ने कुरामा बहस गर्न आवश्यक छ। त्यसपछि मात्रै कानुनका कुरा आउँछ। कानुनमात्रै बनाएर हुँदैन। समस्याको जड कहाँ हो ? त्यसलाई पत्ता लगाएरमात्रै समाधान गर्न सकिन्छ।

देशलाई आर्थिकरूपमा विकास गर्ने कुरामा हाम्रो राजनीतिक नेतृत्वबाट कमीकमजोरी भएको छ। नेताहरूमा देशभक्तिको अभाव खड्किएको छ। व्याप्त भ्रष्टाचार छ। त्यस कारण सरकार र दलका नेताहरूले एकपटक देशको आर्थिक अवस्थाबारे समीक्षा गर्नुपर्छ। हामीले अहिले चार खर्ब रूपैयाँबराबरको कृषिजन्य वस्तुको आयात गर्दै आएका छौं। साढे १५ अर्बको मकैमात्रै आयात हुन्छ। ४०/४५ अर्बको चामलमात्रै खरिद गर्दा रहेछौं। खाद्यान्नमा आत्मनिर्भर हुने कुरा आर्थिक सार्वभौमिकतासँग जोडिन्छ। राजनीतिक व्यवस्था जतिसुकै बलियो भए पनि आर्थिक व्यवस्था बलियो भएन भने त्यो देशको समग्र विकास हुन सक्दैन। सबैभन्दा पहिला हामी कृषिमा आत्मनिर्भर हुनुपर्छ। कृषिमा लगानी बढाउनुपर्छ।

अहिले वर्षमा तीन/चार लाख युवा विदेश पलायन भएका छन्। गाउँका खेतबारी बाँझै छन्। अहिले हामी आर्थिकरूपमा गम्भीर अवस्थामा छौं। सबैभन्दा पहिला हामी खाद्यान्नमा आत्मनिर्भर हुनुपर्छ। बिजुली उत्पादनबाट रोजगारी सिर्जना गर्न सकिन्छ। युवालाई स्वदेशमै रोजगारी दिन सकियो भने देशको अर्थतन्त्र पनि बलियो हुन्छ। बिजुलीमा आत्मनिर्भर भएर पेट्रोल र ग्यासलाई विस्थापित गर्न सकियो भने देशलाई आर्थिकरूपमा बलियो बनाउन सकिन्छ। युवाका लागि रोजगारी पनि देशमै दिन सकिन्छ।

जनतालाई प्रत्यक्ष लाभ हुने हिसाबले हामीले काम गर्न सकेका छैनौं कि भन्ने लागेको छ। सरकारले पहिला जनतालाई रोजगारीको व्यवस्था गर्नुपर्छ। जनताले दैनिक उपभोग गर्ने वस्तुमा मूल्यवृद्धि घटाउनुपर्छ। न्याय सेवालाई निःशुल्क, छिटो/छरितो र सर्वसुलभ बनाउनुपर्छ। अहिले सर्वोच्चमा करिब पाँच लाख मुद्दा थाती छन्। जनतालाई समयमा न्याय नदिनु भनेको पनि अन्याय हो। धेरै जनता न्याय नपाएर पीडित भइरहेका छन्। सेवा प्रवाहमा दुःख दिने संस्कार बसेको छ। सूचना, सञ्चार र प्रविधिको उपयोग गर्दै जनतालाई द्रुत गतिमा सेवा दिनुपर्छ। त्यसैले जनताबाट एक पैसा नलिएर सेवा दिनुपर्छ। सरकारले जनतालाई सेवाको अनुभूति दिनुपर्छ। सरकार भएको अनुभूति दिनुपर्छ। सरकारले जनतालाई के चाहियो भनेर सोध्दैन। जनता आफैं पनि जागरुक हुनुपर्छ। सरकारले कम्तीमा जनतालाई अत्यावश्यक सेवा सहजरूपमा दिन सक्नुपर्छ।

समय परिस्थितिअनुसार स्वरोजगार र सक्षम जनशक्ति उत्पादन गर्ने खालको शिक्षा प्रणाली हुनुपर्छ। नेपालमा १८५३ मा जंगबहादुर राणाले दरबार स्कुल खोलेदेखि १७३/१७४ वर्षको दौरानमा हामीले शिक्षामा प्रगति गर्न सकेका छैनौं। नेपालभन्दा पछि विद्यालय, पुस्तकालय र शिक्षण संस्था सञ्चालन गरेका अरू देशको अवस्था कहाँ पुगिसक्यो। तर हाम्रो शिक्षाको अवस्था अत्यन्तै अझै कमजोर र दयनीय अवस्थामा छ। हामीले उत्पादन गरेको विद्यार्थीले देशमै आफ्नो भविष्य देख्ने शिक्षा प्रणाली हुनुपर्छ। अहिले झण्डै ३६ हजार विद्यालय, दुई लाख ८६ हजार शिक्षक र सात लाख ३१ हजार विद्यार्थी छन् तर, शिक्षा गुणस्तर उस्तै छ। त्यसले गर्दा शिक्षा प्रणालीमा आमूल परिवर्तन जरुरी छ।

देशको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, सुरक्षालाई ध्यान दिँदै राष्ट्रिय हितलाई प्रवर्द्धन गर्ने परराष्ट्र नीति हुनुपर्छ। देशको आर्थिक हितलाई प्रवर्द्धन गर्ने नीति हुनुपर्छ। छिमेकी र अन्य राष्ट्रसँग घनिष्ठ र सन्तुलित सम्बन्ध कायम राख्नुपर्छ। सबै देशसँग कूटनीतिक सम्बन्ध विस्तार गर्नुपर्छ। सबैसँग उत्तिकै सुमधुर, घनिष्ठ, मैत्रीपूर्ण र सन्तुलित सम्बन्ध कायम राख्नुपर्छ।

सरकारले कामै नगरेको छैन भन्न मिल्दैन। पूर्वाधारमात्रै हेरियो भने धेरै विकास भएको छ। घरघरमा गाडी, बिजुली र खानेपानी पुगेको छ। स्वास्थ्यचौकी बनेका छन्। तर, पनि अझै विकास गर्न जनताले सरकारलाई दबाब पनि दिनुपर्छ। जुन पार्टीले जनताको पक्षमा काम गर्दैन उसलाई विस्थापित गर्नुपर्छ। जनतामा चेतना पनि आएको छ। हामीले जनताको सेवा गर्ने हो।

*(नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य डा. खड्कासँग राससले गरेको कुराकानीमा आधारित)*

## पाठक मञ्च

# रवि र अरू कैदीबन्दीमा विभेद किन ?

रूपन्देहीको सुप्रिम सहकारी ठगी प्रकरणमा हाल भैरहवा कारागारमा रहेका रास्वपा सभापति रवि लामिछानेमाथि अन्य चार जिल्लामा पनि मुद्दा छन्। चितवनको साहारा, काठमाडौंको स्वर्णलक्ष्मी, कास्कीको सूर्यदर्शन, पर्साको साना पाइला सहकारी ठगी आरोपमा उनीमाथि मुद्दा चलिरहेको छ।

यी सहकारीमा मकै पाल्नेदेखि अर्काको घरमा भाडा माझ्ने, व्यापार व्यवसाय गरेको, विदेश वा स्वदेशमै जीवनभर कमाएको पैसा बचतकर्ताहरूले राखेका थिए। एउटै बचतकर्ताले २० हजारदेखि करोडौं रूपैयाँसम्म यी सहकारीमा राखेका छन्। बढी ब्याजको प्रलोभनमा रकम राख्न लगाइयो।

लाखौं जनताको अर्बौं रकम यी पाँच सहकारीमा डुबेको छ। बचतकर्ताहरूको बिचल्ली भएको छ। उनीहरू सुकुम्बासी हुन पुगेका छन्। पैसा नभएपछि छोराछोरी पढाउन सकेका छैनन्। उपचार गर्न सकेका छैनन्। यतिसम्म कि बिहानबेलुकाको छाक टार्नसमेत उनीहरूलाई महाभारत भएको छ।

सहकारीमा सबै पैसा डुबेपछि भाडा तिर्न नसकेर अधिकांश सडकमा आइपुगेका छन्। कतिपयले सहन नसकेपछि आत्महत्याको बाटोसमेत रोजेका छन् भने अधिकांश डिप्रेसनमा छन्। केही वर्षअघि यी पाँच सहकारीका बचतकर्ताहरू आफ्नो निक्षेप निकाल्न गए। तर, सहकारीले दिन सकेनन्।

पटक-पटक सहकारी धाउँदासमेत निक्षेप फिर्ता नभएपछि बचतकर्ताहरूले सरकार गुहारे। सहकारीविरुद्ध प्रहरीमा उजुरी दिए। उजुरीपछि प्रहरीले अनुसन्धान अघि बढायो। त्यसक्रममा पाँचवटै सहकारीको रकम जिबी राई र रवि लामिछानेको मिलेमतोमा हिनामिना भएको खुल्यो।

ग्यालेक्सी टिभी चलाउने नाममा सहकारीको पैसा दुरूपयोग गरिएको पाइएको हो। तर, रवि मान्न तयार थिएनन्। सहकारी ठगीमा आफ्नो कुनै हात नरहेको उनी बताउँथे। त्यतिबेला उनी गृहमन्त्री थिए। संसद्मा उनीमाथि छानबिनको आवाज चर्कियो। रवि छानबिन समिति गठन गर्ने पक्षमा थिएनन्।

यही निहुँमा केही महिना संसद् अवरुद्ध भयो। त्यसपछि बल्ल रवि तयार भए। एमाले नेता सूर्य थापाको नेतृत्वमा संसदीय छानबिन समिति बन्यो। समितिले केही महिना लगाएर छानबिन गरी प्रतिवेदन तयार पाऱ्यो। जसमा सहकारी ठगीमा रविको प्रत्यक्ष संलग्नता देखियो। जिबी राईले पैसा ल्याउने अनि रविले धमाधम चेक काट्ने गरेको भेटियो।

२०८१ कात्तिक २ गते रवि लामिछाने पहिलो पटक पक्राउ परे। कास्कीको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा। उनी पक्राउ पर्दा पोखरामा रास्वपाले आन्दोलन गरेको थियो। पछि ८४ दिनपछि ६५ लाख रूपैयाँ धरौटीमा अदालतले उनलाई छोडिदियो। फेरि चैत २१ गते उनी पक्राउ परे।

त्यो पनि आफैंले गरेको पुनरावेदनका कारण। अहिले उनी भैरहवा कारागारमा छन्। मुलुकको संविधान र कानुनअनुसार कुनै पनि व्यक्तिमाथि आरोप लागेपछि प्रमाण, तथ्यका आधारमा अदालतले ऊ निर्दोष वा दोषी रहेको ठहर गर्छ। निर्दोष रहेमा उसलाई छोडिदिइन्छ भने दोषी भएमा कानुनबमोजिम सजाय दिइन्छ।

लाखौं जनता जेलमा छन्। विदेशीसमेत नेपाली जेलमा छन्। जेलमा रहेकामध्ये कोही पुर्पक्षमा थुनिएका छन् भने कोही कैद सजाय भुक्तान गरिरहेका छन्। कतिपय चाहिँ धरौटी तिर्न नसकेपछि जेल बसेका छन्। एक हजार क्षमता भएको जेलमा छ हजारसम्म कैदीबन्दी बसेका छन्। जेलमा बसेका सबै जनता हुन्।

मुलुकको कानुन र संविधानअनुसार नागरिक सरोबर हुन्। कुनै पनि नागरिक जेल पुगेपछि ऊ कैदीबन्दी हुन्छ। जेल पुग्नुअघि उसको ओहोदा के थियो ? त्यसले केही पनि फरक पार्दैन। किनकि गल्ती गरेपछि हरेकले सजाय भोग्नुपर्छ। कानुन सानोलाई मात्र लाग्ने, ठूलोलाई नलाग्ने हुँदैन। जेलमा बसेका कैदीबन्दीको खाने खानादेखि पाउने सेवासुविधा जनताले तिरेको करबाट हो।

अर्बौं पैसा खाएर लाखौं जनतालाई सुकुम्बासी बनाएका रविलाई सरकारले अलग्गै कोठामा विशेष सेवा सुविधा दिएर जेलमा राख्नु आवश्यक छैन। अरु कारागारमा एउटै कोठामा एक-दुई सय कैदीबन्दी राख्नेमा लामिछानेलाई सिंगो कोठा किन दिइयो ? उनी पूर्वगृहमन्त्री भएकै कारण ? सरकारले यसको जवाफ दिनुपर्छ।

यो त सानोलाई ऐन, ठूलोलाई चैन भनेझैं भएन र ? जेलमा बसेका सबै नागरिक हुन्। अझ भन्नुपर्दा देश विकास र अर्थतन्त्रमा रविभन्दा उनीहरूको महत्त्वपूर्ण योगदान छ।

रवि को हुन् त उनलाई कारगारमा छुट्टै सेवासुविधाको व्यवस्था गरिदिनुपर्ने ? गल्ती गरेपछि प्रधानमन्त्री, राष्ट्रपति त जेल जानुपर्छ। जेल पुगेपछि उनीहरूको ओहोदा प्रधानमन्त्री, राष्ट्रपति रहँदैन। कैदीबन्दीमा सीमित हुन्छ अनि रविलाई चाहिँ जेल पुगेपछि पनि पूर्वगृहमन्त्री मानिदिनुपर्ने ! त्यसो भए त जेलभित्र रहेका हरेक कैदीबन्दीलाई जेल जानुअघि उनीहरू रहेको ओहोदा र सम्मान दिनुपऱ्यो। सोहीअनुरूप सेवासुविधा पनि।

**– रुषा थापा, भक्तपुर**

# अधिया खेतीमै निर्भर छ भूमिहीन परिवार



■ राजेन्द्रप्रसाद पनेरू

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका-८ नौखरीका कान्छा चौधरी बिहान सबेरै हलो बोकेर निस्कन्छन्, तर त्यो हलो उनी आफ्नै खेत जोत्न होइन। छिमेकीको अधिया-बटैयामा बनाएको खेतबारी जोत्नका लागि हो । उनीसँग घरवासका लागिमात्रै जग्गा छ। त्यस जग्गाले परिवारको वर्षभरिको खानाको जोहो नहुने भएपछि अधिया-बटैयामा जग्गा कमाउँदै आएका छन् । उनीजस्तै अधिया-बटैयामा खेती गर्ने नगरपालिकामा दर्जनौं किसान छन् ।

जो जीविका चलाउनकै लागि अधिया अर्थात् बटैयामा खेती गर्दै आएका छन्। बटैयामा खेती गर्ने किसानले र जग्गाधनीले उत्पादन भएको अन्न आधाआधा बाँडेर लिने गरेका छन् । जसका लागि जग्गाधनीले जग्गासँगै सिँचाइका लागि पानी निःशुल्करूपमा उपलब्ध गराउँछन् । अधिया लगाउनेले खेत जोत्छन् । खेती लगाउँछन्, काट्छन्, बाली पाकेपछि भित्र्याउने जिम्मा पनि अधिया गर्नेकै हुने कान्छा बताउँछन् ।

तर जोत्ने कार्यबाहेक थ्रेसिङ गर्दा लाग्ने खर्च, मलखाद, विषादी, बीउविजनलगायतको खर्च अधिया बनाउने र जग्गा धनिले आधा-आधा बेहोर्छन् । जग्गा थोरै हुँदा वर्षभरि खान नपुग्ने परिवारले अधिया खेती लगाउने गरेका छन् । अधिया खेती गर्ने कार्य भने धेरै वर्षअघिदेखि चल्दै आएको छ । अधियामा खेती गरेर जग्गाधनी र खेती लगाउने व्यक्ति गरी दुई परिवारको जीविका चल्ने गरेको कलेशु चौधरीले बताए ।

उनका अनुसार अधिया लगाउने जोताहा किसानलाई जग्गाधनीले पहिला घरको काममा पनि लगाउने गर्दथे । त्यसका लागि अधिया माग्न जाँदा नै मौखिकरूपमा करार गर्नुपर्दथ्यो । बदलिँदो परिवेशअनुसार हाल अधिया लगाउने व्यक्तिले जग्गाधनीको घरायसी काम भने गर्नुपर्दैन । त्यो चलन हटेको छ ।

'कसैले स्वविवेकले काम गरे भने त्यो बेग्लै कुरा हो,' कलेशुले भने, 'पुरानो चलन हटेको छ, मौखिकरूपमा विश्वासका आधारमा हाल काम हुने गरेको छ, अधिया लगाउने र जग्गाधनीबीच भने कुनै लिखित सम्झौता हुने गरेको छैन ।'

जग्गाधनीले अधिया लगाउने किसानले खेती राम्ररी नलगाए बीचमै छुटाउने कार्य हुँदै आएको राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल सुदूरपश्चिम प्रदेश सचिव रामबहादुर चुनाराले बताए । त्यस कार्यले अधियामा जीविका चलाउने परिवार भने समस्यामा पर्ने गरेको उनी बताउँछन्। मञ्चले संकलन गरेको तथ्यांकअनुसार नगरपालिकामा खेती गर्ने जमिन थोरै छ । जमिनमा आश्रित जनसंख्या अत्यधिक छ । नगरपालिकाको कूल १६२.७५ वर्गकिलोमिटर क्षेत्रफलमध्ये केवल ८.४२ वर्ग किलोमिटर (५.१७ प्रतिशत) जमिनमात्रै खेतीयोग्य छ। बाँकी सबै क्षेत्रमा वन, बस्ती, सडक, खोलानाला, धार्मिक क्षेत्र र अन्य प्रयोगको जमिन रहेको छ।

नगरपालिकामा १२ हजार ५८ घरधुरीमध्ये ८२८ परिवारसँग अझै पनि आफ्नो नाममा जग्गा छैन। पुरुषको जग्गामा स्वामित्व ९४ प्रतिशत छ भने महिलाको नाममा ५.८ प्रतिशत जग्गाको स्वामित्व छ। लैंगिक समानताका चर्का कुरा गरिए पनि व्यहारमा भने महिलाको सम्पत्तिमाथिको अधिकार सीमित रहेको मञ्चका सचिव चुनारा बताउँछन् ।

उनका अनुसार भूमिहीनहरूमध्ये धेरैजसो दलित, सुकुम्बासी र आदिवासी जनजाति समुदायका व्यक्तिहरू रहेका छन् । जसले पुस्तौंदेखि अरुको जमिनमा अधिया जग्गा कमाउनका लागि पसिना बगाइरहेका छन् । 'हामी पुर्खौंदेखि अरुको जमिन जोत्दै आएका छौं,' गोरे दमाईले भने, 'आफ्नो नाममा जग्गा छैन अरुकै भरमा जीविका चल्दै आएको छ ।'

भूमि अधिकार मञ्चका अनुसार, हालसम्म नगरपालिकाबाट ११ हजार ८५४ अव्यवस्थित बसोबासी, २१५ भूमिहीन दलित र १४८ सुकुम्बासीले जग्गा स्वामित्वका लागि भूमिसम्बन्धी समस्या समाधान आयोगमा निवेदन दिएका छन् । निवेदन दिएकामध्ये केही वडाका अव्यवस्थित बसोबासीको जग्गा नापजाँचको कार्य भएको छ भने केही हुने क्रममा रहेको छ। भूमिहीन दलित र सुकम्बासीले निवेदन दिए पनि कुनै पनि कार्य अगाडि बढ्न सकेको छैन ।

जग्गामा खेती लगाए पनि बर्सेनि आउने बाढीले शुक्लाफाँटाका किसानलाई सास्ती दिने गरेको छ । बाढीकै कारण लगाइएको खेती डुबान र कटानका कारण प्रतिवर्ष प्रभावित हुने गरेको छ। जलवायु परिवर्तनको असरका कारण बेमौसमी वर्षा हुँदा खेती भित्र्याउन नपाउँदै कुनै वर्ष खेतमै धान, गहुँलगायतका बालीमा नोक्सानी बेहोर्नुपर्ने अवस्था रहने मञ्चकी सुदूरपश्चिम अध्यक्ष नन्दादेवी जोशीले बताइन् ।

उनका अनुसार अघिल्लो दुई वर्षमामात्रै नगरपालिकाका आठभन्दा बढी परिवार बाढी र डुबानले प्रत्यक्ष प्रभावित भएका थिए । 'जसबाट सबैभन्दा बढी मार अधिया जग्गा कमाउने जोताहा किसानलाई पर्ने गरेका छन्,' उनले भनिन्, 'जसमा भूमिहीन दलित, सुकुम्बासी परिवारका व्यक्तिहरू समस्यामा पर्ने गरेका छन् ।' *रासस*



**जुम्लामा गाईजात्रा** | जुम्ला सदरमुकाम खलंगाबजारमा आइतबार निकालेको सांस्कृतिक झाँकीसहितको गाईजात्रा ।

*तस्बिर: विजय रावत/रासस*

# वर्षासँगै सुक्खा संकटग्रस्त मधेस प्रदेशमा धमाधम रोपाइँ

■ हिमाल लम्साल

**वीरगञ्ज (पर्सा)–** पर्साका सखुवाप्रसौनी गाउँपालिका-२ का किसान शम्भुप्रसाद यादवलाई १० दिन अघिसम्म मधेस प्रदेशमा देखिएको सुक्खाग्रस्त खडेरीका कारणले सबै खेतमा धान रोप्न पाइँदैन कि भन्ने चिन्ता थियो। तर, पछिल्लो साता यहाँ परेको अकाशेपानीका कारण उनले सबै खेतमा धान रोपिसके ।

'अकाशेपानी पर्नु अघि नै साढे नौ विघामा जेनतेन रोपाइँ गरिसकेका थियौं, तर डेढ विघामा लगाएको चैते धान भित्राउन ढिला भएकाले रोपाइँ गर्न सकेका थिएनौं,' उनले भने, 'एक सातायता यहाँ दिनहुँजसो पानी परेसँगै बाँकी खेतमा पनि धान रोपेका छौं ।' उनले ढिलै भए पनि अकाशेपानी परेपछि यहाँका किसान उत्साही भएको बताए ।

'एक त चैतेधान भित्र्याउनै ढिलो भयो, अर्कोतर्फ नियमित बिजुली नआउँदा पनि बोरिङमार्फत पानी निकालेर रोप्न गाह्रो भयो,' उनले भने । मधेस प्रदेश कृषि विकास निर्देशनालयका वरिष्ठ वागवानी विकास अधिकृत प्रदीपकुमार यादव मधेस प्रदेशमा अकाशेपानी परेसँगै धान रोपाइँ धमाधम भइरहेको बताए । 'यही साउन १६ गतेसम्म मधेस प्रदेशमा तीन लाख ७२ हजार ६४५ हेक्टरमध्ये ५७.२७ प्रतिशतमामात्रै धान रोपाइँ भएको थियो, पछिल्लो एक सातामा थप १९.२७ हेक्टरमा धान रोपाइँ भएको छ,' वरिष्ठ वागवानी अधिकृत यादवले भने।

निर्देशनालयका अनुसार यही साउन २३ गतेसम्म मधेस प्रदेशमा आठ जिल्लामा कूल ७६.५४ प्रतिशत अर्थात् दुई लाख ८५ हजार २३४ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ। सबैभन्दा धेरै बारामा ९५ प्रतिशत, पर्सामा ९२ प्रतिशत र रौतहट जिल्लामा ८५.९ प्रतिशत धान रोपाइँ भएको छ । सर्लाहीमा पनि ७५ प्रतिशत, धनुषामा ७० प्रतिशत, महोत्तरीमा ६१.५ प्रतिशत, सप्तरीमा ७० प्रतिशत र सिरहामा ७० प्रतिशतमात्रै धान रोपाइँ भएको छ।

कृषि ज्ञान केन्द्र पर्साका प्रमुख रामजीवन ठाकुरले अकाशेपानी परेपछि पर्सामा धान रोपाइँ अन्तिम चरणमा पुगेको बताए । उनले भने, 'पानी परेपछि धान रोपाइँ राम्रो भएको छ, केही दिनसम्म नियमित पानी परे धान रोपाइँमा थप सहज हुन्छ ।' *रासस*

# बुटवलमा मनाइयो गाईजात्रा

■ प्रभाव संवाददाता



**बुटवल–** दिवंगत आफन्तहरूको सम्झनामा बुटवलमा गाईजात्रा पर्व आफ्नै रीति र परम्पराअनुसार मनाइएको छ। यस अवसरमा मानिसहरू विभिन्न भेषभूषामा सिंगारिएर बाजा-गाजा, भजनकीर्तनसहित बुटवल बजार परिक्रमा गराई मठमन्दिर दर्शन गरेका थिए ।

नेवाःपुचले दिएको जानकारीअनुसार बुटवलमा २६ परिवारले गाईजात्रा पर्वका अवसरमा आफन्तहरूलाई सम्झिएका छन् । यस अवसरमा बुटवल वडा नम्बर १ निमचोकमा नेवाःपुचले आयोजना गरेको प्रसाद वितरण कार्यक्रममा उनीहरू सहभागी भएका थिए । उनीहरूले यस क्षेत्रमा रहेको नासोदेव र गणेश मन्दिरमा दर्शन गरी प्रसाद ग्रहण गरेका थिए । दिवंगत आफन्तहरूलाई सम्झँदै उनीहरूले गाईजात्रा निकालेका थिए ।

नेवाःपुच समाजकी गाईजात्रा कार्यक्रम संयोजक पुत्ला श्रेष्ठले यो पटक नेवापुचमा २६ परिवार गाईजात्रामा सहभागी भएको जानकारी दिइन् । उनले प्रताप मल्लको पालादेखि नै यो प्रचलन चलिआएको बताइन् ।

नेवाःपुच बुटवलका अध्यक्ष काजीमान श्रेष्ठले गाईजात्रा पर्व मृत आफन्तको सम्झनामा परम्परादेखि मनाउँदै आए पनि बुटवलमा नेवाःपुच समाजले २०५७ सालदेखि व्यवस्थितरूपमा मनाउन सुरु गरेको बताए ।


## युएइमा रोजगार

कम्पनी : BURJ AUCKLAND BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०४/२४ | LT. 328860 | चलानी नं. ६०२४२६७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Masion | 3 | 0 | 1500 | ५७,१७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer(3 Yr Experience) | 3 | 0 | 1500 | ५७,१७३ | | | | | | | |
| 3 | Suttering Carpenter | 3 | 0 | 1500 | ५७,१७३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २ गते (18th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योर्हने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योर्हने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योर्हने | भिषा स्टाम्पिङ शुल्क कसले व्योर्हने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.

Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772

श्रम ईजाजत नं. २८२/०५८/०५९



**Sudur Paschim Province Government**
**Ministry of Land Management, Agriculture & Cooperatives**
**Directorate of Livestock and Fisheries Development**
**Fisheries Development Center**
**Geta, Kailali**

**Invitation For The Electronic Bids**

**Date of Publication:11th August, 2025 (2082/04/26 B.S.)**

1. Fisheries Development Center Geta, Kailali invites electronic bids from eligible bidders for the **Procurement, Supply and Delivery of Readymade Fish Feed and Raw Materials for Broodstock Management and Fish Seed Production**under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1. | FDC/NCB/ 2082/083/G1 | Procurement, Supply and Delivery of Readymade Fish Feed and Raw Materials for Broodstock Management and Fish Seed Production | 1,80,500/- | 3000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Fisheries Development Center, Geta, Kailali, Email: fdckailali@gmail.com, Phone no. +977-091-575120, 9858480226 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Office Chief**



**गण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भुम्लीचोक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना**

**प्रकाशित मिति : २०८२/०४/२६**

प्रस्तत विषयमा यस कार्यालयको मिति २०८२/०४/०८ गते विधुतिय माध्यम (E QUOTATION) एवं प्रभाव दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम पर्न आएका दरभाउपत्रहरु मध्ये देहायका दरभाउपत्र न्युनतम् मुल्याँकित सारभुत रुपमा प्रभावग्राही भई गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको वोलपत्र मुल्याँकन समितिको मिति २०८२/०४/२५ को निर्णयानुसार स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) एवं गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ६३ बमोजिम सवै दरभाउपत्रदाताहरुको जानकारी समेतका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको फर्मको नाम | कबोल अंक (मुल्य अभिवृद्धि कर समेत) |
|---|---|---|---|---|
| १ | GRM/SERVICE/ SQ/01/2082/83 | Procurement Of Service For Publishing News On National Daily Newspaper (A-Grade) (सुचना प्रकाशन गर्दा राष्ट्रियस्तरको क वर्गको देशैभर पुग्ने विभिन्न पत्रिकामा कार्यालयले भने अनुसार आलोपालो गरेर सुचना प्रकाशन गर्नुपर्नेछ ।) | जिरो मिडिया प्रा.लि, काठमाडौँ | ८८.५९/- (प्रति सिसी) |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

## ट्रेलरमा ताराहरू

आशान्त शर्मा निर्देशित फिल्म 'ताराहरु'को ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा मध्यम वर्गीय परिवारले काठमाडौंमा गर्नुपरेको संघर्षको कथा प्रस्तुत गरिएको छ । श्रीमान् श्रीमतीको सम्बन्धको कथामा आधारित चलचित्रको मुख्य भूमिकामा निर्देशक आशान्त शर्मा, मेनुका प्रधान र मिरा खड्कालगायतको अभिनय देखिन्छ । यी तीन जनाको त्रिकोणात्मक सम्बन्ध ट्रेलरमा देखिन्छ । यो चलचित्र आगामी भदौ ६ गतेदेखि प्रदर्शनमा आउने छ ।



सोमबार, २६ साउन, २०८२ (Monday, 11 August 2025)

# मैथिली चलचित्र: दर्शक छन्, चलचित्र छैनन्




■ धर्मेन्द्र झा/भेषराज कार्की

**काठमाडौं–** नेपालको सांस्कृतिक र भाषिक विविधताले यहाँको चलचित्र उद्योगलाई समृद्ध बनाउने सम्भावना बोके पनि त्यसअनुसारको उपलब्धि भने प्राप्त हुन सकेको छैन । नेपाली भाषाबाहेक अन्य स्थानीय भाषामा चलचित्र निर्माणको संख्या नेपालमा निकै न्यून छ । विशेषगरी मधेस प्रदेशमा चलचित्र भवनको संख्या उल्लेख्य छ, तर स्थानीय भाषाका चलचित्र बन्न नसक्दा तिनले राम्रो व्यवसाय गर्न सकेका छैनन् । स्थानीय रूपमा बोलिने मैथिली भाषामा चलचित्र निर्माण नभएपछि अन्य भाषाका चलचित्रको दबदबा त्यहाँ पाइएको छ ।

मैथिली भाषा नेपालको दोस्रो सबैभन्दा धेरै बोलिने भाषा हो, तर सांस्कृतिक र साहित्यिक समृद्धिको बाबजुद चलचित्र निर्माण क्षेत्रमा भने यो भाषा पछाडि परेको छ । यसको कारण र सम्भावनाबारे साहित्यकार, नाटचकर्मी र चलचित्रकर्मीहरूले विभिन्न दृष्टिकोण प्रस्तुत गरेका छन् । साहित्यकार, कलाकार तथा गीतकार धीरेन्द्र प्रेमर्षिका अनुसार मैथिली भाषामा नेपाली वा भोजपुरीजस्तो व्यावसायिक र पूर्णतयारीका साथ चलचित्र निर्माण भएको छैन । नेपालमै बन्ने गरेका चलचित्रहरू रहर वा सानो बजेटमा तयार हुन्छन् । मैथिली भाषाका चलचित्र निर्माणमा प्रोत्साहन देखिएको छैन ।

'केही स-साना 'भिडियो' चलचित्रहरू बनेका छन्, तर व्यावसायिक रूपमा निर्माण गरिने चलचित्र बनेका छैनन् । यहाँ आँट गरेर लगानी गर्ने लगानीकर्ताको अभाव छ । भाषा, साहित्य र समुदायप्रति दायित्व बोध गर्ने व्यक्तिहरूको कमीले मैथिली चलचित्र अगाडि बढ्न सकेको छैन,' उनले भने । मैथिली भाषामा निर्माण हुने चलचित्र मिथिलाको कथा र संस्कृतिलाई समेट्दै सीमित बजेटमा तयार हुन सके बिस्तारै बजार बढ्ने र चलचित्रप्रति आकर्षण बढ्ने साहित्यकार झाले बताए ।

तराईमा चलचित्रको बजारको सम्भावनालाई 'सस्ता जिनगी महग सेनुर'जस्ता चलचित्रले पहिले प्रस्टचाइसकेको पत्रकार तथा मैथिलीका प्राध्यापक श्यामसुन्दर शशीले स्मरण गरे । उनका अनुसार सन् १९९९ मा प्रदर्शन भएको उक्त मैथिली चलचित्रले तराईका चलचित्र भवनमा महिनौं प्रदर्शन भएर व्यासायिकरूपमासमेत राम्रो आर्जन गरेको थियो । चलचित्रको भाषामा उक्त समयमा उक्त चलचित्रलाई 'ब्लकबस्टर' भनिएको थियो ।

'महिनौंसम्म प्रदर्शन भएको चलचित्र हेर्न दर्शकहरू टचाक्टर, टायर गाडा चढेर चलचित्र भवनसम्म पुगेका थिए । त्यतिबेला भारतीय ठूला चलचित्रको बजारलाई समेत यसले प्रभावित गरेको थियो । चलचित्र भवनबाट अन्य भाषाका चलचित्र विस्थापित भएका थिए तर त्यो सम्भावनाले पनि स्वदेशी चलचित्र निर्माणलाई प्रोत्साहित गर्न सकेन,' मधेस आमसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष साहित्यकार श्यामसुन्दर यादवले भने । मुरलीधरले निर्देशन गरेको चलचित्र 'सस्ता जिनगी महग सेनुर' भारतीय कम्पनीले निर्माण गरेको भए पनि नेपालमा प्रदर्शन अधिकार निर्देशक स्वयंले लिएका थिए । तर, त्यसपछिका प्रयासहरूले सफलता पाउन नसकेको उनको भनाइ छ ।

मिथिला क्षेत्रका चर्चित गायक रंगकर्मी सुनीलकुमार मल्लिकका अनुसार, 'मैथिलीभाषी क्षेत्रमा मैथिली चलचित्रको बजार ठूलो छ, तर यहाँका प्राविधिक र दक्ष जनशक्ति स्थानीय स्तरमा अवसरमा उपलब्ध नहुँदा काठमाडौं वा मुम्बईतिर पलायन हुने क्रम जारी छ । यसले मैथिली चलचित्र निर्माणमा ठूलो चुनौती थपिएको छ ।' उनका अनुसार भाषा अभियन्ता, साहित्यप्रेमी वा कलाकारको प्रयास रहरमामात्र सीमित छ । व्यावसायिकरूपमा अगाडि नबढेसम्म मैथिली चलचित्रले दर्शक तान्न सक्दैन । नाटचकर्मी कलाकार रमेशरञ्जन झाका अनुसार विशेषगरी वीरगञ्जदेखि राजविराजसम्मको भूभागमा मैथिली भाषी समुदायको बाक्लो उपस्थिति छ । यति ठूलो बजार भएर पनि मैथिली चलचित्रको निर्माण न्यून हुनुमा आर्थिक, सामाजिक र प्राविधिक कारणहरू जिम्मेवार छन् । यद्यपि, झा मैथिली चलचित्रको भविष्यप्रति आशावादी छन् ।

'केही छोटा चलचित्रहरू (लघु चलचित्र, डकुमेन्ट्री) बनेका छन्, तर ठूला व्यावसायिक चलचित्रहरू बन्न नसक्दा यहाँका प्रतिभाशाली जनशक्ति बाहिरी उद्योगमा गएर काम गरिरहेका छन् । तर, नयाँ पुस्ताले नवीन सोच र कथावस्तु लिएर आउने छन् । वीरगञ्जदेखि जनकपुरसम्मको बजारलाई लक्षित गरी कसैले अवश्य प्रयास गर्ने छ,' उनले भने ।

केही महिना पहिले प्रदर्शित भई चर्चित भएको चलचित्र 'राजागञ्ज'की कलाकार आरती मण्डलले राज्य र सम्बन्धित निकायले मैथिली चलचित्र निर्माणलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिइन् । विभिन्न भाषाभाषीका चलचित्रमार्फत नेपालभरको बजारलाई एकीकृत गर्न सकिने उनको बुझाइ छ । 'हामीले विदेशी चलचित्रजस्तो मैथिली चलचित्रलाई हेर्न दृष्टिकोणमा परिवर्तन गर्नुपर्छ अनिमात्र यसको संख्यात्मक वृद्धि गर्न सकिन्छ । अहिले पनि चलचित्रकर्मीले तराईको बजारलाई पहिचान गर्न सकेका छैनन्, जहाँ सम्भावना धेरै छन् । तर, त्यो सम्भावनालाई प्रमाणित गर्नेको कमी छ,' कलाकार मण्डलले भनिन् ।

मैथिली छोटा चलचित्र निर्देशन गरेर 'फिचर चलचित्र' निर्देशक बनेका पूर्णेन्दुकुमार झा केही वर्षयता 'लेबर' चलचित्रको तयारीमा जुटेका छन् । प्रारम्भमा उक्त चलचित्रलाई मैथिली भाषामा तयार गर्ने घोषणा गरेका निर्देशक झा बजार अध्ययनपछि उक्त चलचित्र बहुभाषामा बनाउने निष्कर्षमा पुगे ।

उनले समृद्ध भाषा र ठूलो बजार भएर पनि मैथिली चलचित्रले गति लिन नसक्नुमा आर्थिक लगानीको अभाव, वितरकको उदासीनता, प्राविधिक जनशक्तिको पलायन र हिन्दी-भोजपुरी चलचित्रको प्रभुत्व प्रमुख कारण रहेको औंल्याए । 'बजार छैन भन्ने भाष्यका कारण हामीले मैथिली चलचित्रलाई अगाडि बढाउन कठिनाइको सामना गर्नुपरेको हो । बजार बनाउनेतर्फ हाम्रो सोच विकसित हुन सकेन, त्यसकारण पनि चलचित्र निर्माणमा आकर्षण घटेको हो । यद्यपि, पछिल्लो समय नयाँ पुस्ताले गरिरहेको प्रयासले छिट्टै नयाँ समयको सुरुआत गर्छ भन्ने विश्वास छ,' निर्देशक झाले भने, 'मैथिलीमा दर्शक त छन् तर चलचित्र नै छैनन् ।'

आगामी पाँच वर्षमा नेपालसँगै भारतमा रहेका मैथिली भाषाका चलचित्रमा काम गरिरहेका चलचित्रकर्मीले परिणाम दिनेमा उनी विश्वस्त छन् । उनी आफैं पनि आगामी वर्षको मजदुर दिवसमा बहुभाषा 'लेबर' निर्माण गरेर प्रदर्शन गर्ने योजनामा छन् । चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले बोर्डअन्तर्गत रहेका उपसमितिमार्फत भाषाभाषीका चलचित्रलाई प्रवर्द्धन गर्ने कार्य गरिरहेको बताए । उनले भने, 'हामीले प्रवर्द्धन गर्ने सोच बनाएका छौं । अहिले हामी ऐन निर्माणको प्रक्रियामा छौं, आउँदो समयमा मैथिलीसहित अन्य भाषाका चलचित्र निर्माणमा ऊर्जा थपिने विश्वास छ । चलचित्र निर्माणमै कमी देखिएता पनि स्थानीय रूपमा नाटक, वृत्तचित्र निर्माण भइरहेको जानकारी पाएको छु, तर प्रोत्साहन र प्रवर्द्धन गर्ने कार्यमा बोर्ड सधैं तत्पर छ ।'

उनले मैथिली भाषामा चलचित्र निर्माणको संख्या कम महसुस गरेर मैथिली चलचित्रलाई लक्षित गर्ने महोत्सवमा सहकार्यसमेत गरेको बताए । 'मैथिली भाषाको चलचित्रलगायत गतिविधि बढाउन हामीले उक्त भाषाका सर्जकसँग सहकार्य गरेर गतिविधि बढाइरहेका छौं,' अध्यक्ष डिसीले भने ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता गजेन्द्रकुमार ठाकुरले सरकारको ध्यान कुनै भाषाभाषी विशेषभन्दा पनि समग्र नेपालमा बन्ने चलचित्रलाई नै प्रवर्द्धन गर्नेमा केन्द्रित रहेको बताए । उनले भने, 'हामी चलचित्र उद्योगलाई बलियो बनाउन ध्यान केन्द्रित गरेर गतिविधि गरिरहेका छौं । स्टुडियो निर्माण, चलचित्र ऐनलगायतका कार्यले भविष्यमा सबै भाषाका चलचित्रकर्मीलाई लाभान्वित बनाउँछ भन्नेमा हामी विश्वस्त छौं । हामी समग्रमा नेपाली चलचित्र र सबै भाषामा बन्ने चलचित्रलाई नीतिगतरूपमा सुविधा पुग्ने किसिमले काम गरिरहेका छौं ।'

केन्द्रीय चलचित्र जाँच समितिका अध्यक्षसमेत रहेका मन्त्रालयका प्रवक्ता ठाकुरले आफू मन्त्रालयमा कार्यभार सम्हालेयता कुनै मैथिली भाषाका चलचित्र जाँचपासका लागि आएको स्मरण नरहेको बताए । प्राध्यापक शशीका अनुसार, चलचित्र एक सशक्त माध्यम हो जसले भाषा र संस्कृतिको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ, मैथिली पनि अपवाद हुन सक्दैन । उनले भने, 'मैथिली चलचित्रले सांस्कृतिक पहिचानलाई विश्वव्यापीरूपमा चिनाउन सक्ने क्षमता राख्छ, तर यसका लागि सामूहिक प्रयास अपरिहार्य छ ।'

अर्का विश्लेषक मधेस आमसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष यादवको भनाइ छ, विडम्बना यो छ कि बजारको सम्भावना हुँदाहुँदै पनि प्रोत्साहनको कमीले गर्दा मैथिली चलचित्रहरू निर्माण हुन सकेका छैनन् । त्यस्तै अर्का अध्येता कलाकार सुनील मल्लिक भन्छन्, 'चलचित्र राष्ट्रनिर्माणको माध्यम पनि हो । देशलाई एकता सूत्रमा आबद्ध गर्ने एक सशक्त माध्यम पनि हो । विविध भाषामा चलचित्र निर्माण हुन सकेनन् भने समग्र राष्ट्रनिर्माण प्रक्रियाको गति पनि ढिला हुन सक्छ । राज्यले यसका बारेमा गम्भीर भई भाषाभाषी चलचित्र निर्माणको प्रक्रियालाई प्रोत्साहित गर्नुपर्छ ।'

चलचित्र विकास बोर्डको तथ्यांकअनुसार २०६७ सालमा 'सजनाके अंगनामे सोलह सिंगार,' विसं २०७० सालमा 'जान,' २०७१ सालमा 'लभ मिथिलानगर,' २०७२ सालमा 'धारक पार,' २०७३ सालमा 'मधेशी पूत्र,' 'सलहेस (द पिपल्स हिरो),' 'राधासँग मोहन' र 'श्री शम्भुनाथ धाम,' २०७४ सालमा 'औकात,' 'सजना सिनेहिया' र '२ दिल १ जान,' २०७५ सालमा 'बदला आइग क,' २०७६ सालमा 'छिन्नमस्ता जय सखडेश्वरी,' २०७७ सालमा 'सजना के अंगना' र 'मधेशी पुत्र रिर्टन्स,' २०७९ सालमा 'त्रास एक खौफ' र २०८० सालमा 'लेबर' नामक लघु चलचित्र तथा चलचित्र दर्ता भएका छन् । यीमध्ये केही निर्माण भएता पनि अधिकांश निर्माण हुनसकेका छैनन् ।

बोर्डको तथ्यांकअनुसार हाल मधेस प्रदेशमा २५ चलचित्र भवन सञ्चालनमा छन् । यी चलचित्र भवनमा स्वदेशी (नेपाली) चलचित्रको तुलनामा विदेशी (हिन्दी) भाषाका चलचित्रले बढी व्यापार गरिरहेका छन् । विशेषगरी मधेसमा मैथिली चलचित्रलाई केन्द्रित गरेर गतिविधि बढाउन सकेमा दर्शकको संख्या वृद्धि हुनाका साथै बिस्तारै लगानीकर्ता पनि आकर्षित हुने विश्वास मैथिली भाषी चलचित्रकर्मीहरूको छ । उनीहरूले मैथिली चलचित्र निर्माणलाई केवल व्यावसायिकतासँग मात्र नजोडेर भाषा र संस्कृति संरक्षणका रूपमा पनि हेर्नुपर्नेमा जोड दिएका छन् । *रासस*



### एफसी महिला यु-२० च्याम्पियनसिपबाट बाहिरियो नेपाल

## उत्तर कोरियासँग ११-० को फराकिलो अन्तरले पराजित

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल साविक विजेता उत्तर कोरियासँग पराजित भएको छ । योसँगै एफसी महिला यु-२० च्याम्पियनसिप छनोटको समूह चरणबाटै बाहिरिएको छ ।

भुटानको थिम्पुस्थित चांलिमिथाङ रंगशालामा आइतबार भएको समूह 'ए' को अन्तिम तथा निर्णायक खेलमा उत्तर कोरियासँग नेपाल ११-० गोलअन्तरले पराजित भएको हो । यस हारसँगै अर्को वर्ष थाइल्याण्डमा आयोजना हुने एएफसी यु-२० एसियन कपमा स्थान बनाउने नेपालको सम्भावना समाप्त भएको छ ।

यस जितसँगै कोरियाले तीन खेलमा ९ अंक जोड्दै एसियन कपमा स्थान बनाएको छ । आइतबारको खेलमा कोरियाले पहिलो हाफमा पाँच गोल गऱ्यो भने खेलको दोस्रो हाफमा छ गोल थप्यो । उत्तर कोरियाले पहिलो खेलमा साउदी अरेबियालाई १५-० ले हराएको थियो भने दोस्रो खेलमा भुटानलाई १०-० गोलले पराजित गरेको थियो ।

हारसँगै नेपाल तीन खेलमा चार अंक जोड्दै प्रतियोगिताको यात्राबाट बाहिरिएको छ । नेपालले पहिलो खेलमा भुटानसँग १-१ को बराबरी खेलेको थियो भने साउदी अरेबियाविरुद्धको दोस्रो खेलमा १-० ले जित हासिल गरेको थियो ।

## 'दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति चाँडै घोषणा हुन्छ'

**पाँचथर (प्रस)–** युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति चाँडै घोषणा हुने बताएका छन् । प्रतियोगिता सञ्चालनका लागि सबै पक्षसँग छलफल चलिरहेको उल्लेख गर्दै उनले अब भने परिवर्तन नहुने गरी प्रतियोगिताको मिति तय गरिने बताए ।

आइतबार पाँचथरको फिदिममा जिल्ला खेलकुद विकास समितिले आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री चौधरीले सुर्खेतमा आयोजना हुने प्रतियोगिता सञ्चालनका लागि कर्णाली प्रदेश सरकारसँग छलफल चलिरहेको जानकारी गराए । 'प्रतियोगिता सञ्चालनको मुख्य जिम्मेवारी प्रदेश सरकारको भएकाले मुख्यमन्त्रीसहित सबै सरोकारवालासँग छलफल चलाइरहेका छौं,' मन्त्री चौधरीले भने, 'यसमा प्रधानमन्त्रीज्यूको पनि चासो रहेकाले चाँडै परिवर्तन तय गर्छौं ।'

मन्त्री चौधरीले नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो संस्करण सञ्चालनमा भएका वित्तीय, प्राविधिक तथा व्यवस्थापकीय पक्षको अध्ययन गरी छानबिन गर्न एक समिति गठन गर्ने पनि जानकारी दिए । 'प्रतियोगिता सञ्चालन गर्दा मौजुदा कानुनको अधिनमा रहेर काम गर्न सबै पक्षलाई हामीले आग्रह गर्दै आएका छौं,' मन्त्री चौधरीले भने, 'नियमनको जिम्मेवारी मन्त्रालयकै भएको हुँदा कानुनको अधिनमा रहेर एनपिएल सम्पन्न गर्न मन्त्रालयले सहयोग गर्ने छ ।'

मन्त्री चौधरीले खेलकुदका संरचना निर्माणका लागि निकै कममात्रै जग्गा प्राप्त नहुने अवस्था रहेको र प्राप्त जग्गामा संरचना निर्माण गर्न बजेट अभाव हुने गरेको बताए । 'आगामी दिनमा स्थानीय तहले पनि जग्गाको प्रबन्ध गर्नुपर्ने आवश्यकता छ,' उनले भने, 'अहिले प्राप्त भएका जग्गामध्ये करिब ७० प्रतिशतमा खेलकुदका संरचना निर्माण भइरहेका छन् ।'

मन्त्री चौधरीले अलपत्र बनेको फिदिम रंगशाला निर्माणका लागि बजेटको व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गरे । फिदिम रंगशाला निर्माण बहुवर्षीय ठेक्कामा नपर्दा बजेट अभाव हुने गरेको उल्लेख गर्दै उनले चालु आर्थिक वर्षदेखि बजेट अभाव हुन नदिने र बहुवर्षीय ठेक्कामा रूपान्तरण गर्ने बताए ।

कूल १० करोड ६३ लाख ७५ हजार रूपैयाँको लागतमा पिएस-किरातेश्वर-मैनाचुली जेभीले उक्त रंगशाला निर्माणको ठेक्का पाएको थियो । २०७७ फागुनमा निर्माण सुरु गरिएको खेलमैदान २०७९ असार १५ गतेभित्र सम्पन्न गर्नुपर्ने सम्झौता भए पनि हालसम्म जम्मा ३१.७५ प्रतिशतमात्रै भौतिक प्रगति भएको जिल्ला खेलकुद विकास समिति पाँचथरले जनाएको छ ।

### ताप्लेजुङ गोल्डकप

## रेडस्टार झापा सेमिफाइनलमा



**ताप्लेजुङ (प्रस)–** ताप्लेजुङमा जारी तेस्रो अन्तर्राष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताअन्तर्गत आइतबार भएको खेलमा झापाको रेडस्टार फुटबल क्लब सेमिफाइनलमा प्रवेश गरेको छ । रेडस्टारले पोखराको सहारा क्लबलाई २-० गोल अन्तरले पराजित गरेको हो ।

झापाका लागि खेलको ७७औं मिनेटमा सविनकुमार लुंगेलीले पहिलो गोल गरेका थिए । यस्तै खेलको इन्जुरी समयमा पेनाल्टीमार्फत झापाकै सविनले दोस्रो गोल गर्दै आफ्नो टोलीलाई जित दिलाए ।

लाखेजात्रा पर्वको अवसरमा लाखेजात्रा सञ्चालन समितिद्वारा आयोजित उक्त प्रतियोगितामा सोमबार लेजेण्ड फुटबल एकेडेमी, सिलगुडी (भारत) र चर्च ब्वाइज ललितपुरबीच खेल हुने छ । शनिबार सम्पन्न उद्घाटन खेलमा आयोजक तेल्लोक स्पोर्टिङ क्लबलाई पराजित गर्दै इटहरीले सेमिफाइनलको यात्रा तय गरिसकेको छ ।प्रतियोगिताको विजेताले सात लाख दुई हजार रूपैयाँ र उपविजेताले तीन लाख ५० हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छ ।

# रुसबाट सुमी क्षेत्रको गाउँ फिर्ता लिएको युक्रेनको दाबी

**किएभ–** युक्रेनको सेनाले आइतबार हालैका दिनहरूमा महत्त्वपूर्ण प्रगति गरेको रुसी सेनाबाट सुमी क्षेत्रको एक गाउँ फिर्ता लिएको बताएको छ । युक्रेनी सेनाले बेजसालिभकाबाट रुसी सेनालाई 'मुक्त गरेको र पूर्णरूपमा खाली गरेको' सैन्य महासचिवालयले टेलिग्राम पोस्टमा बताएको छ । पोस्टमा लडाइँमा १८ रुसी सैनिक 'मारिएको' उल्लेख छ ।

यो गाउँ देशको उत्तरमा युद्धको मोर्चामा छ र उत्तरी क्षेत्रमा दुई सेनाबीच भइरहेको मुख्य लडाइँबाट करिब २० किलोमिटर (१३ माइल) पश्चिममा अवस्थित छ । सन् २०२२ फेब्रुअरीमा युक्रेनमा आक्रमण गरेको रुसले युक्रेनी सेनाबाट आफ्नो कुर्स्क क्षेत्र पुनः कब्जा गरेपछि अप्रिलमा सुमीमा नयाँ आक्रमण सुरु गरेको थियो ।

रुसी सेना हाल सुमीको क्षेत्रीय राजधानीबाट करिब २० किलोमिटर टाढामा छ । सुमीको क्षेत्रीय राजधानी बारम्बार घातक गोलाबारी आक्रमणको निशाना बनेको छ । रुसी आक्रमणको मुख्य फोकस पूर्वी युक्रेनमा छ । त्यहाँ रुसले हालैका महिनाहरूमा कम सुसज्जित प्रतिद्वन्द्वीहरूविरुद्ध आफ्ना जितहरू बढाएको छ । *रासस⁄एएफपी*

## अमेरिका-रूस बीच उच्चस्तरीय वार्ता

# युक्रेन संकटको समाधान खोजिँदै

**बेइजिङ–** संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनबीच यही अगस्ट १५ मा अलास्कामा महत्त्वपूर्ण शिखर सम्मेलनको आयोजना हुन गइरहेको छ । उक्त बैठकमा युक्रेनमा युद्धविरामका सम्भावनाहरू छलफल गरिने बताइएको छ । यो सन् २०२१ पछि दुवै नेताबीचको पहिलो प्रत्यक्ष वार्ता हुने छ ।

राष्ट्रपति ट्रम्पले आफ्नो चुनावी अभियानका क्रममा युक्रेन संकटलाई '२४ घण्टाभित्र समाधान गर्ने' प्रतिज्ञा गर्दै आएका थिए । अलास्का सम्मेलनलाई शान्ति स्थापनाका लागि एक उच्चस्तरीय प्रयासको रूपमा हेरिएको छ ।

यद्यपि, यस वार्ताबाट ठोस प्रगति हुनेमा विशेषज्ञहरूले आशंका व्यक्त गरेका छन्, किनभने ट्रम्प र पुटिन दुवै फरक-फरक अडानबाट वार्तामा सहभागी हुँदै छन् । साथै, अमेरिकाका केही प्रमुख साझेदार राष्ट्रहरूले युक्रेनको सहभागिता बिना हुने कुनै पनि सम्झौताले वैधता नपाउने चेतावनी दिएका छन् ।

ट्रम्पका विशेष दूत स्टिभ विटकोफको मस्को भ्रमणका क्रममा पुटिनसँगको तीन घण्टा लामो कार्य बैठकपछि अलास्का बैठकको योजना सार्वजनिक भएको हो ।

### पुटिनको प्रस्ताव र ट्रम्पको प्रतिक्रिया

द वल स्ट्रिट जर्नलका अनुसार पुटिनले हालै ट्रम्प प्रशासनलाई युद्धविरामको प्रस्ताव दिएका छन्, जसमा युक्रेनले केही भूभाग छोड्नुपर्ने र अन्तर्राष्ट्रिय समुदायले रुसको दाबीलाई मान्यता दिनुपर्ने सर्तहरू समावेश छन् ।

राष्ट्रपति ट्रम्पले शुक्रबार दिएको भनाइमा भू-स्वामित्वको 'आदानप्रदान' समेत सम्भव हुनसक्ने संकेत दिएका छन् । यद्यपि, उनले विस्तृत जानकारी दिएका छैनन्, युक्रेन र उसका साझेदारहरूले उक्त भनाइप्रति तत्काल असन्तोष जनाएका छन् ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अलास्का बैठकमा आफ्नो सरकारलाई सहभागी नगराइनुले दीर्घकालीन शान्ति सम्भव नहुने चेतावनी दिएका छन् । जेलेन्स्कीले भने, 'हामीविना गरिने कुनै पनि निर्णय, त्यो हाम्रो विरुद्धमा गरिएका निर्णय हुन् । ती



निर्णयहरू मृत हुने छन्, ती कहिल्यै लागू हुने छैनन् ।'

### अन्तर्राष्ट्रिय प्रतिक्रिया

युरोपेली आयोग, फ्रान्स, इटाली, बेलायत, जर्मनी, पोल्याण्ड र फिनल्याण्डका नेताहरूले संयुक्त वक्तव्य जारी गर्दै युक्रेनका अन्तर्राष्ट्रियरूपमा मान्य सीमाहरूलाई जबर्जस्ती परिवर्तन गर्न नसकिने स्पष्ट पारेका छन् । साथै, युक्रेनको सार्वभौमिकतासम्बन्धी कुनै पनि वार्तामा युक्रेनको प्रत्यक्ष सहभागिता आवश्यक रहेको बताएका छन् ।

यसअघि सन् २०२५ जुलाई २३ मा इस्तानबुलमा सम्पन्न रुस-युक्रेन वार्ता कुनै ठोस सहमतिविना समाप्त भएको थियो, तर बन्दी विनिमयका सन्दर्भमा सैद्धान्तिक सहमति जुटाइएको थियो ।

### शान्ति सम्भावनामा चुनौतीहरू

युद्धविराम कार्यान्वयन गर्नका लागि सेनाको फिर्ता, सुरक्षा प्रत्याभूति र विवादित भूभागहरूको भविष्यबारे सहमति आवश्यक पर्ने छ- जुन विषयहरू अति जटिल र विगतदेखि नै समाधानविहीन छन् । विज्ञहरूका अनुसार यदि कुनै सम्झौता भए पनि स्पष्ट कार्यान्वयन संयन्त्र नहुनाले त्यसले दीर्घकालीन स्थायित्व पाउन सक्दैन ।

यस शिखर बैठकले युक्रेन संकट समाधानतर्फ सार्थक प्रगति गर्छ वा हालको जटिल अवस्थालाई अझै गहिरो बनाउँछ भन्ने कुरा दुवै नेताको संवादद्वारा तय हुने छ । विश्वासको अभाव र कठोर अडानबीच, युद्धविराम सम्भव भए पनि सहज हुने सम्भावना न्यून देखिन्छ । *रासस⁄सिन्ह्वा*

# वरिष्ठ चिनियाँ कूटनीतिज्ञ लिउ जियानचाओ हिरासतमा

**बेइजिङ–** भावी विदेशमन्त्रीका लागि दाबेदार मानिएका एक वरिष्ठ चिनियाँ कूटनीतिज्ञलाई अधिकारीहरूले सोधपुछका लागि हिरासतमा लिएको वाल स्ट्रिट जर्नलले आइतबार रिपोर्ट गरेको छ ।

विदेशी राजनीतिक दलहरूसँगको सम्बन्धको निरीक्षण गर्ने सत्तारूढ कम्युनिस्ट पार्टीअन्तर्गतको विभागका प्रमुख लिउ जियानचाओलाई जुलाईको अन्त्यमा विदेशको कार्य भ्रमणबाट बेइजिङ फर्केपछि 'लगिएको', यस मामिलासँग परिचित व्यक्तिहरूका अनुसार रिपोर्टमा उल्लेख छ ।

उनको हिरासतको कारण निर्धारण गर्न नसकिएको रिपोर्टमा जनाइएको छ । चिनियाँ विदेश मन्त्रालयले उक्त रिपोर्टको पुष्टि गर्न एएफपीले गरेको अनुरोधको तुरुन्त जवाफ दिएको छैन । ६१ वर्षीय लिउले यसअघि फिलिपिन्स र इण्डोनेसियाका लागि राजदूत र विदेश मन्त्रालयका प्रवक्तासहित प्रमुख कूटनीतिक भूमिकामा काम गरिसकेका छन् ।

उनले राष्ट्रपति सी चिनफिङको भ्रष्टाचारविरुद्धको विशिष्ट अभियान कार्यान्वयन गर्ने जिम्मेवारी भएका विभिन्न राष्ट्रिय र क्षेत्रीय निकायहरूको नेतृत्व पनि गरेका छन् । उनको हिरासतले किन गाङपछि चिनियाँ कूटनीतिज्ञको उच्चस्तरको अनुसन्धानको प्रतिनिधित्व गर्दछ । किनलाई सन् २०२३ मा विवाहेतर सम्बन्धको रिपोर्टपछि विदेशमन्त्रीको पदबाट हटाइएको थियो ।

लिउलाई चिनियाँ कूटनीतिक संसारमा उदीयमान व्यक्तित्वका रूपमा व्यापकरूपमा हेरिएको थियो । जुलाईको सुरुमा उनले संयुक्त राज्य अमेरिकाका रक्षामन्त्रीमाथि चीनको सामना गर्न आफ्ना सेनालाई बलियो बनाउन अमेरिकी सहयोगीहरूलाई आग्रह गरेर 'टकराव र द्वन्द्व उक्साएको' आरोप लगाएका थिए ।

गत महिनाको अन्त्यमा धेरै अफ्रिकी देशहरू, सिंगापुर र अन्यत्र भएका बैठकहरूपछि उनको सबैभन्दा पछिल्लो सार्वजनिक सहभागिता जुलाई २९ मा अल्जेरियामा भएको थियो । *रासस⁄एएफपी*


## जापानमा रोजगार

कम्पनी : SAKURA INTERNATIONAL FRIENDSHIP COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/04/२३ | LT. No. 328804 | चलानी नं. ६०२४२६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Cleaning Management | 2 | 0 | 161190 | १५२,६६० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/04/२३ | LT. No. 328808 | चलानी नं. ६०२४२६८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Cleaning Management | 4 | 2 | 169020 | १६०,०७५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : SAKURA INTERNATIONAL FRIENDSHIP COOPERATION

पूर्व स्वीकृति मिति : २०८२/04/२३ | LT. No. 328807 | चलानी नं. ६०२४२६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Cleaning Management | 6 | 4 | 169020 | १६०,०७५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/04/२३ | LT. No. 328806 | चलानी नं. ६०२४२६७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Golf Course Worker | 10 | 0 | 186853 | १७६,९६५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २ गते (18th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**
श्रम इजाजत नं. १४४⁄०५६⁄०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com



## साउदीमा रोजगार

कम्पनी : TRANSPORTATION SOLUTIONS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/२५ | LT. No. 306364 | चलानी नं. ६०२२११२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 3 | 0 | 1800 | ६७,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २ गते (18th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## कुवेतमा रोजगार

कम्पनी : THE LAVILLAGE RESTAURANT

पूर्व स्वीकृति मिति : २०८०/०७/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/२५ | LT. No. 294188 | चलानी नं. ६०२०९४४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/waitress | 20 | 25 | 130 | ५९,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Runner / Preparer | 10 | 0 | 120 | ५४,९८५ | | | | | | | |
| 3 | Cleaner | 10 | 0 | 90 | ४१,२४० | | | | | | | |
| 4 | Cook | 5 | 0 | 150 | ६८,७३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २ गते (18th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## साउदीमा रोजगार

कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO

पूर्व स्वीकृति मिति : २०८२/०१/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/२५ | LT. No. 322951 | चलानी नं. ६०२३६८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 3 | 0 | 1000 | ३६,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २ गते (18th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम इजाजत नं. ११८२⁄०७३⁄७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## युएइमा रोजगार

कम्पनी : ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/२३ | LT. No. 328700 | चलानी नं. ६०२४२६९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 50 | 0 | 1000 | ३८,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/२३ | LT. No. 328699 | चलानी नं. ६०२४२६९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 50 | 0 | 1000 | ३८,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २ गते (18th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com
Govt. License 1165/073/074



## अपर अरुण जलविद्युत आयोजना
## आदिबासी जनजाती सल्लाहकार परिषद (AJAC)
**भोटखोला गाउँपालिका-४, गोला, संखुवासभा**

### करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

***दोस्रो पटक प्रकाशन मिति : २०८२⁄०४⁄२६***

यस परिषदले अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड⁄अपर अरुण जल विद्युत आयोजनाको आर्थिक सहयोगमा सञ्चालित आदिवासी जनजाती योजना कार्यान्वयनका लागि अपर अरुण जलविद्युत आयोजना आदिवासी जनजाति सल्लाहकार परिषद अन्तर्गत तपसिलको पदहरूमा खुला प्रतिष्प्रर्धाद्वारा करार सेवामा कर्मचारी नियुक्ति गर्नु पर्ने भएकोले योग्यता पुगेको सबैको लागि सूचना प्रकाशित गरिएको मिति देखि **१५ (पन्ध्र)** दिनभित्र कार्यालयको E-mail : ajacbhot10@gmail.com मा वा भौतिक उपस्थितिमा परिषदको कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं | पद⁄सेवा,समूह | तह | माग सङ्ख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १. | ०१⁄२०८२-८३ | कार्यक्रम संयोजक⁄प्रशासन | ७ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट समाजशास्त्र⁄मानवशास्त्र⁄ग्रामीणविकास⁄अर्थशास्त्र⁄वाणिज्यशास्त्र विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको । साथै मान्यता प्राप्त निकायमा २ वर्षको कार्य अनुभव भएको । |

सूचना सम्बन्धी विस्तृत विवरण भोटखोला गाउँपालिका कार्यालयको वेवसाइट www.bhotkholamun.gov.np र अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीको वेवसाइट www.uahel.com.np वटा हेर्न सकिने छ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**



## जहदा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**मझारे, मोरङ, कोशी प्रदेश, नेपाल**

### गाउँपालिकाद्वारा गाउँबासीहरूलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

### स्वास्थ्य सम्बन्धी गाउँपालिका बासीमा सचेतना

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।




**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔ ।



**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।



प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९९२०० | प्रति तोला – ० | प्रति तोला – २३३० |



**किसानलाई मलकै सास्ती** | रासायनिक मल लिनका लागि आइतबार जिल्ला सहकारी संघ बाँकेमा लामबद्ध किसान। किसानले रासायनिक मल नपाएका कारण ठूलो सास्ती भोल्दै आएका छन्। *तस्बिरः युवराज पाण्डे/रासस*

## रूग्ण ठेक्का व्यवस्थापनलाई प्राथमिकतामा राखेर काम गर्न निर्देशन

**काठमाडौं (प्रस)–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले रुग्ण ठेक्का व्यवस्थापनलाई मन्त्रालयले प्रमुख प्राथमिकता दिएको बताएका छन्। मन्त्रालयले आइतबार रुग्ण ठेक्का व्यवस्थापनबारे आयोजना गरेको छलफलमा उनले उक्त जानकारी दिएका हुन्।

सडक विभागको गत आर्थिक वर्षको कार्यसम्पादन समीक्षापछि रुग्ण ठेक्का व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा छलफल भएको हो। 'देशभरिका कार्यालय प्रमुखहरू काठमाडौं आएको समय पारी मसिनो गरी रुग्ण ठेक्का व्यवस्थापनका बारेमा छलफल गरिएको हो,' उनले भने, 'बजेट कार्यान्वयन गर्न उहाँहरूलाई धेरै दिन काठमाडौंमा राख्न उपयुक्त हुँदैन, त्यसैले बिदाको दिन पनि छलफल गरेका हौं।'

वार्षिक समीक्षा गोष्ठीमासमेत मन्त्री दाहालले रुग्ण ठेक्का व्यवस्थापन र बेरुजु फर्स्योटलाई प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिएका छन्। आयोजनाहरू सुरु



**देवेन्द्र दाहाल**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री

हुने तर निर्धारित समयमा नै पूरा नभई वर्षौं अलपत्र हुने अवस्थाको अन्त्यका लागि मन्त्री दाहालले कार्यभार सम्हालेदेखि नै विशेष चासो राख्दै आएका छन्।

अन्य मन्त्रालय तथा कार्यालयभन्दा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यक्षेत्रसमेत फरक रहेका कारण बिदाका दिन अनिवार्य छुट्टी बस्ने सुविधा नहुने मन्त्रालयका सचिव केशवकुमार शर्मा बताए। 'सडकका कर्मचारीले १० बजेदेखि ५ बजेसम्म काम गरेर पुग्दैन, जुनसुकै बेला पनि फिल्डमा खटिन तयार हुनुपर्छ,' उनले भने, 'त्यसैगरी चालु आर्थिक वर्षका लागि कर्मचारीहरू कार्यालयमा जानुअघि रुग्ण ठेक्का व्यवस्थापनमा विशेष ध्यान दिँदै निकासका लागि सहजीकरण गर्न बिदाका दिन पनि काम गरिएको हो।'

चार संघीय सुपरीवेक्षण तथा अनुगमन कार्यालय तथा विभिन्न आयोजनामा रहेका रुग्ण ठेक्का व्यवस्थापनका लागि छलफल गरिएको हो। छलफलमा सडक विभागका महानिर्देशक डा. विजय जैसी, उपमहानिर्देशकहरू, आयोजना प्रमुखहरू तथा विभिन्न कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो।

## एक वर्षमा एउटै फार्मबाट ११ करोडको अण्डा उत्पादन

■ प्रभाव संवाददाता

**चितवन–** आइपिओ जारी गर्ने तयारीमा रहेको दाउन्ने एग्रो फार्म लिमिटेडले एक वर्षमा ११ करोड ११ लाख ४२ हजार रूपैयाँ बराबरको अण्डा उत्पादन गरेको छ। गत आर्थिक वर्षमा कम्पनीले पाँच लाख २९ हजार २५० पेटी अण्डा उत्पादन गरेर बिक्री गरेको हो।

कम्पनीको आइतबार सम्पन्न साधारणसभा कम्पनीका अध्यक्ष विनोद पोखरेलले दैनिक एक हजार ४५० पेटी अण्डा उत्पादन हुँदै आएको बताए। कम्पनीले नवलपरासीको (सुस्ता-त्रिवेणी पूर्व) विनयी त्रिवेणी गाउँपालिका वडा नम्बर ३ को सर्दीमा करिब ११ बिघामा फैलिएको फार्ममा कुखुरापालन गर्दै आएको छ। फार्ममा अहिले चार लाख कुखुरा रहेका छन्। निकट भविष्यमै छ लाख कुखुरा पुर्‍याउने लक्ष्य लिइएको अध्यक्ष पोखरेलले बताए।

कम्पनीले गत आर्थिक वर्षमा आठ करोड १५ लाख ९० हजार रूपैयाँ नाफा गरेको छ। कम्पनीले गत आर्थिक वर्षमा प्रतिसेयर १८.३७ रूपैयाँ आम्दानी गरेको थियो। अध्यक्ष पोखरेलले पेस गरेको प्रगति प्रतिवेदनमा आर्थिक वर्ष २०८०/८१ मा प्रतिसेयर ३.६४ रूपैयाँ आम्दानी गरेको कम्पनीले यस वर्ष प्रतिसेयर आम्दानी बढाएको छ। आर्थिक वर्ष २०८०/८१ मा कम्पनीले दुई करोड ६३ लाख रूपैयाँ नाफा गरेको थियो। त्यस वर्ष कम्पनीको चुक्ता पुँजी २७ करोड रूपैयाँ रहेकोमा गत आर्थिक वर्षमा चुक्ता पुँजी बढेर ५० करोड रूपैयाँ पुगेको छ।

साधारणसभाले कम्पनीको २०८१/८२ को आर्थिक तथा प्रगति प्रतिवेदन सर्वसम्मतरूपमा पारित गरेको छ। त्यस्तै विशेष प्रस्तावअन्तर्गत प्रारम्भिक सार्वजनिक आह्वान (आइपिओ) मा जानका लागि सबै कानुनी प्रक्रिया पूरा गरेकोले सोसम्बन्धी प्रस्ताव सर्वसम्मतरूपमा अनुमोदन गरेको छ।

कार्यक्रममा कम्पनीका संस्थापक अध्यक्ष रघुनाथ भट्ट, सञ्चालक हेमराज बडाल, डा. अनन्त दाहाल, डा. आशिष पोखरेल, वित्तीय सल्लाहकार ऋषिराम चालिसे, आध्यान्त फण्ड म्यानेजमेन्टका अध्यक्ष मनोज पौडेल, सेयरधनीका तर्फबाट माधवप्रसाद अर्यालले आफ्नो धारणा राखेका थिए। यसैगरी कम्पनीका प्रमुख कार्यकारी अधिकृत विजयप्रसाद पौडेल र कम्पनी सचिव सुरेन्द्रनाथ रेग्मीले आर्थिक प्रतिवेन र कम्पनीका बारेमा जानकारी दिए।

वैकल्पिक विकास वित्त विधेयक

## संशोधनका लागि १४ सांसदका ६६ प्रस्ताव

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभामा दर्ता भएको 'वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२' माथि १४ सांसदबाट ६६ संशोधन प्रस्ताव परेका छन्। विधेयकमाथि १० जनाबाट एकल र चार जनाले संयुक्तरूपमा संशोधन प्रस्ताव हालेका हुन्।

परम्परागत लगानीका स्रोतका अतिरिक्त वैकल्पिक स्रोतको पहिचान र उपयोग गर्ने उद्देश्यका साथ ल्याइएको सो विधेयक चाँडो पारित भई कार्यान्वयनमा ल्याइनुपर्नेमा सत्तापक्ष र प्रतिपक्ष दुवै सहमत भए पनि वैकल्पिक विकास वित्त कोषको प्रभावकारिता तथा सञ्चालक समितिसम्बन्धी व्यवस्थामा धेरैजसो सांसदको चासो देखिएको छ।

अर्थ समितिमा छलफलका क्रममा रहेको यो विधेयक माथि शुक्रबार संशोधनकर्ता सांसद, नेपाल राष्ट्र बैंकका गभर्नर र विज्ञबाट सुझाव लिइएको थियो। उक्त छलफलका क्रममा कोषको प्रभावकारिता र सञ्चालक समितिको स्वायत्तताको विषय महत्त्वका साथ उठाइयो।

पूर्वाधार क्षेत्रमै लगानी गर्ने उद्देश्य राखेर सरकारको लगानीसहित स्थापना भएका नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा) र हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)बाट लक्षित नतिजा दिन नसकिरहेका बेला सोही प्रकृतिको 'वैकल्पिक विकास वित्त कोष' ल्याउन आवश्यक छ वा छैन भनेर सोच्नुपर्ने धारणा पूर्वअर्थमन्त्री वर्षमान पुनको छ।

'यो कोष निफ्रा र एचआइडिसिएलभन्दा कसरी फरक छ? केही व्यक्तिलाई जागिर दिनका लागिमात्रै कम्पनी खडा गर्न लागिएको त होइन? वा कतै सरकारले विभिन्न कोषहरू गाभेर एउटै कोष बनाएर चलाउन खोजेको त होइन? यी प्रश्नको जवाफ चाहिन्छ,' पुनको भनाइ थियो। त्यस्तै सञ्चालक समितिमा को-को रहने, कार्यकारी अधिकार कसलाई दिनेजस्ता विषयलाई पनि स्पष्ट पारिनुपर्ने उनको भनाइ थियो। यद्यपि, वैकल्पिक विकास वित्त परिचालनका लागि कानुन बन्न अतिआवश्यक भइसकेको धारणा उनले राखे।

सांसद वासुदेव घिमिरेले वैकल्पिक विकास वित्त कोषलाई बलियो र प्रभावकारी बनाउन अर्थमन्त्रीलाई नै त्यसको सञ्चालक समितिको अध्यक्ष बनाइनुपर्ने र लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतलाई पनि सञ्चालक समितिमा सदस्यका रूपमा ल्याइनुपर्ने बताए। अर्का सांसद माधव सापकोटाले सञ्चालक समितिको अध्यक्षलाई नीतिगत निर्णय गर्नेमात्रै अधिकार दिएर प्रमुख कार्यकारी अधिकृतलाई कार्यकारी अधिकार



अर्थमन्त्री वा अर्थसचिवले नै नेतृत्व गर्नेगरी कोषको सञ्चालक समिति बनाउनु उपयुक्त हुन्छ, पुरानै शैलीको संरचनाले नयाँ खालको नतिजा दिन सक्दैन, त्यसकारण फरक तरिकाले सोच्नुपर्छ।

■ **डा. विश्वनाथ पौडेल**
गभर्नर, नेपाल राष्ट्र बैंक



यो कोष निफ्रा र एचआइडिसिएलभन्दा कसरी फरक छ? केही व्यक्तिलाई जागिर दिनका लागिमात्रै कम्पनी खडा गर्न लागिएको त होइन? वा कतै सरकारले विभिन्न कोषहरु गाभेर एउटै कोष बनाएर चलाउन खोजेको त होइन? यी प्रश्नको जवाफ चाहिन्छ।

■ **वर्षमान पुन**
पूर्वअर्थमन्त्री

दिन सक्नुपर्ने र राजनीतिक हस्तक्षेपबाटमुक्त हुनुपर्ने धारणा अर्थ समितिमा राखे।

कोषको सञ्चालक समितिको अध्यक्ष अर्थ मन्त्रालयको सचिव रहने व्यवस्था विधेयकमा राखिएको छ। विधेयकको उक्त व्यवस्थामाथि सांसद हितराज पाण्डेले संशोधन हाल्दै राष्ट्रिय योजना आयोगको उपाध्यक्षलाई कोषको अध्यक्ष बनाइनुपर्ने प्रस्ताव गरेका छन्।

त्यस्तै सांसद प्रकाश ज्वालाले अर्थमन्त्री अध्यक्ष रहनुपर्ने मतसहित संशोधन हालेका छन्। कोषको सञ्चालकमा अर्थ सचिव नेपाल राष्ट्र बैंकको गभर्नर र लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतलाई सञ्चालकको जिम्मेवारी दिइनुपर्ने ज्वालाको प्रस्ताव छ। सांसद प्रेम सुवालले सञ्चालक समितिसम्बन्धी व्यवस्था नै हटाइ 'मन्त्रीको अध्यक्षतामा राज्यको स्वामित्वलाई जोड दिने वित्तशास्त्री र अर्थशास्त्रीको व्यवस्थापन समिति गठन गरिनुपर्ने' संशोधन राखेका छन्।

त्यस्तै समावेशी ढंगले सञ्चालक चयन गरिनुपर्ने प्रस्तावसहितका संशोधनसमेत परेका छन्। सांसद निशा डाँगीले महिला, दलित वा आदिवासी जनजाति समूहबाट एक जना प्रतिनिधि रहनेगरी सञ्चालक समिति बनाइनुपर्ने प्रस्ताव राखेकी छन्। सांसद सोविता गौतम र शिशिर खनालको संयुक्त संशोधन प्रस्तावमा प्रमुख कार्यकारी निर्देशकलाई अध्यक्षको जिम्मेवारी दिइनुपर्ने व्यवस्था विधेयकमा राख्नुपर्ने उल्लेख छ।

त्यस्तै, कार्यकारी निर्देशक हुनका लागि अर्थशास्त्र, व्यवस्थापन, वित्त, इञ्जिनियरिङ वा सम्बन्धित विषयमा स्नातकोत्तर, कम्तीमा १५ वर्षको प्राविधिक वा व्यवस्थापकीय अनुभव, वैकल्पिक वित्त तथा सार्वजनिक-निजी साझेदारी र लगानी परियोजना विश्लेषणको अनुभव हुनुपर्ने संशोधन प्रस्ताव उनीहरूको छ।

विधेयकमा कोषको व्यवस्थापन तथा सञ्चालन गर्न अर्थ मन्त्रालयको सचिव अध्यक्ष रहनेगरी सञ्चालन समितिको व्यवस्था गरिएको छ। अर्थ मन्त्रालयको सहसचिव, पूर्वाधार विकाससँग सम्बन्धित मन्त्रालयका इञ्जिनियरिङ सेवाका सहसचिवमध्येबाट मन्त्रालयले तोकेका दुई सहसचिव, सेयरधनीका तर्फबाट एक जना प्रतिनिधि र स्वतन्त्र विशेषज्ञबाट एक गरी सञ्चालक तोकिनुपर्ने उल्लेख छ।

वैकल्पिक विकास वित्त कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्थाका रूपमा रहने व्यवस्था विधेयकमा राखिएको छ। अर्थ समितिको शुक्रबारको बैठकमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले सञ्चालक समिति बलियो बनाउन सकेमात्र कोषको प्रभावकारिता बढी हुने धारणा राखे। 'अर्थमन्त्री वा अर्थसचिवले नै नेतृत्व गर्नेगरी कोषको सञ्चालक समिति बनाउनु उपयुक्त हुन्छ, पुरानै शैलीको संरचनाले नयाँ खालको नतिजा दिन सक्दैन, त्यसकारण फरक तरिकाले सोच्नुपर्छ,' गभर्नर पौडेलको भनाइ थियो।

विधेयकअनुसार कोषको अधिकृत पुँजी एक खर्ब रूपैयाँ र चुक्ता पुँजी २५ अर्ब रूपैयाँ हुने छ। त्यसमा नेपाल सरकारको ५१ प्रतिशत अर्थात् १२ अर्ब ७५ करोड रूपैयाँबराबरको सेयर लगानी गर्ने प्रस्ताव विधेयकमा गरिएको छ। कोषमा नेपाल सरकार, अन्तर्राष्ट्रिय वित्तीय संस्था वा वदेशी बैंक वा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बीमा कम्पनीले लगानी गर्न पाउने छन्।

विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजना, सडक, रेलमार्ग, विमानस्थल, सुरूङमार्ग, औद्योगिक विकास पूर्वाधार निर्माण (विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुक्खा बन्दरगाह वा सूचना प्रविधि पार्क) निर्माणका लागि वैकल्पिक वित्तका स्रोत प्रयोग गर्न सकिने छ।

## रूकुम पश्चिममा सतप्रतिशत रोपाइँ

**त्रिवेणी (रुकुम पश्चिम)–** जिल्लाका छवटै स्थानीय तहका धान उत्पादन हुने क्षेत्रमा सतप्रतिशत रोपाइँ सम्पन्न भएको छ। यहाँ जेठ अन्तिम साताहेखि रोपाइँ सुरु भएको थियो।

जिल्लाका चौरजहारी, मुसिकोट र आठबिसकोट नगरपालिका तथा सानीभेरी, बाँफीकोट र त्रिवेणी गाउँपालिकामा धानखेती हुने गरेको कृषि विकास कार्यालय रुकुम पश्चिमले जनाएको छ। यो वर्ष समयमा वर्षा हुनुका साथै मौसमले साथ दिएकाले समयमै रोपाइँ सकिएको कार्यालयका प्रमुख भरतबहादुर बस्नेतले जानकारी दिए। उनका अनुसार जिल्लामा तीन हजार ४८ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ।

यहाँ खुमल-४ र ६, राधा-४ सहित अन्य हाइब्रिड जातका धानखेती हुँदै आएको कार्यालय प्रमुख बस्नेतले बताए। यो वर्ष धानखेती हुने सबै खेतीयोग्य जग्गामा रोपाइँ गरिएकाले अघिल्लो आर्थिक वर्षको तुलनामा बढी उत्पादन हुने अपेक्षा गरिएको उनले उल्लेख गरे।

सबै बाँझो जग्गामा धानखेती हुने हो भने खेतीयोग्य क्षेत्रफलसहित उत्पादनमासमेत वृद्धि हुने बस्नेतको भनाइ छ। खेतीयोग्य सबै क्षेत्रमा सिँचाइको सुविधा पुर्‍याउने लक्ष्यसहित कार्यालयले काम गरिरहेकाले सिँचाइ सुविधा विस्तार भएमा उत्पादन पनि बढ्ने उनले बताए।

धान उत्पादनलाई बढाउन चैते धानखेतीमा जोड दिइएको बताउँदै योजनाअनुसार विस्तार गर्न नसकिएको कार्यालय प्रमुख बस्नेतले जानकारी दिए। जिल्लामा गत वर्ष १२ हजार ९५५ मेट्रिकटन धान उत्पादन भएको थियो। यस वर्ष समयमै वर्षात् हुनुका साथै धानखेतीमा किरा नदेखिएकाले गत वर्षभन्दा १० देखि १५ प्रतिशतले उत्पादन बढ्ने अनुमान गरिएको उनले उल्लेख गरे। उत्पादन भएकोमध्ये केही चौरजहारी र आठबिसकोट नगरपालिकाबाट जिल्ला बाहिर बिक्री गरिँदै आइएको कृषि विकास कार्यालयले जनाएको छ। धानसहित खाद्यन्नमा रुकुमपश्चिम आत्मनिर्भर नरहेको कार्यालय प्रमुख बस्नेतले बताए। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ